संस्मरणात्मक लेख



# वर्तमानसमक्ष–पुरानो गाथा (रेडियो-नेपालको)

*–प्राज्ञ श्यामदास वैष्णव**

नयाँ जन्मेकाहरूलाई रेडियो-नेपालको प्राचीन गाथा 'रोचक' लाग्न सक्तछ । किनकि, नयाँ भन्नु नै 'परिवर्तन'को रुप हो । एक कविले भनेका छन्– "परिपाठ नै नयाँ कुरा हो । अन्यथा 'नयाँ कुरा' केही छैन संसारमा । यदि कुनै नयाँ कुरा देखिन्छ त– त्यो ढाँचाकाँचा नै हो ।" नत्र भने– धरती पुरानै छ, चन्द्र, सूर्य पुरानै देखिन आउँछन् । मानव– सभ्यताको विकास भएको पनि दशौं हजार वर्ष भइसक्यो । तब के नयाँ त ? तर गएको कुरालाई 'पुरानो' र आउँदो समय र ढाँचाकाँचालाई 'नयाँ' भनिन्छ । दिन र पक्षको हिसाबमा देखाहा पर्ने– चन्द्र, सूर्य, तारा र मौसमलाई पनि नयाँ भन्ने गरिन्छ। त्यसमाथि– पुराना आकृतिले समेत आफूलाई आजभोलिको 'अगुवा' ठानेको देख्दा, नयाँप्रति नै आश्चर्य चकित पार्न खोज्छ । तर अलमलिने कुरा छैन । भुक्तभोगीहरूले कायम गरेको– भूत, भविष्य र वर्तमानको धारणालाई 'आत्मसात्' नगरी सुख्खै छैन । त्यसैले– गएको समय र त्यस वेलाको स्थिति, अनि अहिलेको समय र पछि काय हुन सक्ने 'स्थिति'बारे 'चिन्तन' गर्नै पर्दछ– मानवसमाजले । साँच्चि, कुरा गरौं त– 'भूतकाल' नै नभएको भए वर्तमान हुने थिएन । 'वर्तमानको' सक्रियताबाटै– भविष्य देखा नपर्ने होइन, भन्न सकिन्न । एक अर्कोसित सम्बन्धित देखिन्छ– समय र स्थिति । त्यस समयभित्र के-के क्रियाकलाप हुन गए ? र 'सार्थकता' के हासिल भयो ? भन्ने मूल्यांकन त गर्नै पर्दछ सबले । यही मूल्यांकन नै 'मार्गदर्शक' बन्ने गर्दछ सबका लागि । सोची हेर्दा– परिवर्तनमा 'नवीनता' र नवीनतामा– 'आकर्षण' निहित रहेको पाइन्छ ।

लागौं– अब पुरानो कुरातिरै । रेडियो-नेपालको स्थापना, विशेष चाँजो-पाँजो मिलाएर पहिले गरिएको देखिन आउँदैन । क्रान्तिपछि– जोशैजोशमा, उत्साहलाई अँगाली यसलाई कार्यान्वयन गरियो, भन्न सकिन्छ । पूर्वाधारको रुपमा– क्रान्तिताका 'विराट-नगर' बाट स्वर 'उद्भाषित' भएको सुनिन्थ्यो यसको । जसको साधन आकाशवाणीको उपयोग खातिररहेको थियो भनिन्छ– सानो टान्समिटर बनेर । त्यही क्रान्तिको बिगुल बन्यो पछि । त्यसैलाई कब्जा गरी 'काम चलाउ रेडियो' घोषित गरियो, भनिन्छ। तर पनि जागृतिको उत्सुकताले गर्दा त्यस प्रसारणले– निकै महत्त्व हासिल गऱ्यो, भन्ने देखिन आयो । त्यसो त– क्रान्तिपूर्व बिजुलीअड्डा (घण्टाघर परिसर)मा 'प्रयोगात्मक रेडियो' पनि संचालित नभएको हैन– मोहन शमशेरको पालामा । तर त्यसप्रति कसैले वास्ता राखेको पाइँदैन । क्रान्तिपछि–'विराटनगर' र 'सिंहदरवारको' तत्परतामा 'नेपाल-रेडियो'

* लेखक: रेडियो नेपालका संस्थापन सहयोगी तथा पूर्व रेडियोकर्मी हुनुहुन्छ ।

जन्मियो । यसमा– धेरैको सहयोग रह्यो । कम 'साध' भए पनि– यसले सबैको ध्यान 'आकर्षित' गऱ्यो भन्न सकिन्छ ।

'रेडियो-नेपाल' शुरू हुनुपूर्वको पनि रोचक घटना छ । जब राजा त्रिभुवन बाहिरिएपछि राजधानीमा 'आन्दोलन' चर्कियो त– श्री बालकृष्ण शमशेरले पनि, परिवारसहित राणाशाहीको विर ोधमा आफूलाई उतार्नुभयो । यसपछि समसहित विरोधी बनेकाहरूलाई सिंहदरबारको (रेडियो स्थापनास्थल) पुस्तकालयमा लगी थुनियो । दिल्ली-सम्झौता भई, राजा त्रिभुवन फर्किएपछि– नेता वि.पि.बाट उहाँलाई रेडियो संचालनको जिम्मा दिइएछ । थुनाबाट छुटेपछि– लम्बे दाह्री र भारदारी लवेदामा बालकृष्णज्यू देखाहा पर्नुभयो । अनि चिनेजानेका लेखक, कवि, कलाकारहरूसित सहयोग माग्दै हिंड्न थाल्नुभयो (प्रचार संचालकको रुपमा) । त्यस बखत– बालकृष्ण शमशेरज्यूलाई 'छाता' काखी च्याप्दै, सम्बन्धितहरूको घर घरमा पुगेको देखिन्थ्यो । पछि– उहाँले शमशेरमा– 'शेर' त्याग गरी– 'सम' बनी सबैलाई 'तपाईं' भनी हिंडेको देखियो । क्रान्तिपछि उहाँलाई, रेडियो र प्रचार विभाग दुवै सुम्पिई– 'प्रचार संचालक' बनाइएको पाइयो । रेडियोको निर्देशकचाहिं– तारि णीप्रसाद कोइराला हुन जानुभयो ।

रेडियो-संचालनको लागि 'सहयो' जुटाउँदै, हिंड्दा– यस कलमधारीलाई पनि, श्री समले आव्हान गर्नुभयो । छोरा जनार्दन र समसित सम्मिलित गराउनुभयो । जसमा– कार्यक्रम निर्देशक– श्री जनार्दन सम, र कार्यक्रम प्रयोक्ता (मास्टर) श्यामदास वैष्णव कायम गरियो । समज्यूको आव्हानअनुसार १८ वर्षसम्म (२०२६ सालसम्म)को 'कर्मक्षेत्र' रेडियो-नेपाल बन्न गयो- यो वैष्णवको । जसबाट– 'ख्यातिप्राप्तच' हुने मौका मिलेको ठान्दछ वैष्णव । 'रेडियो-नेपाल' स्थापनापूर्व गोपालप्रसाद रिमाल (उहाँको चेलोतुल्यलाई) पनि डाक्नुभएको थियो– समज्यूले । तर क्रान्तिको समयदेखि नै 'दिल्ली-सम्झौता' मन नपराएका रिमालले– "तपाईं सुवर्ण शमशेरको पिट्ठू हुनुभो" भनी रेडियोमा सम्मिलित हुन उनले इनकार गरे । पछि रिमालले- "तिमी को ?" भन्ने कविता– सम्मेलनमा सुनाउँदै भने- "यहाँ तिमी जितेका छैनौ, जित्ने त अर्कै छ ।" असन्तोष र आक्रोशले– रिमाललाई अर्कै बनायो । तर सुब्बा ऋद्धिबहादुर मल्ल-परिवारले भने– सहयोग दियो समज्यूलाई । उहाँकै घरमा संगीतको 'प्राभ्यास' समेत गरियो । हिक्मत र समर मल्ल– गीत गाउन अग्रसर समेत भए । त्यस बखत– हिक्मत मल्लले गाएको– "तिम्रै निम्ति बाँचिरहेछु" (वैष्णवको गीत) र युगकवि सिद्धिचर णको– "हिमगिरि मण्डित" गीत (जुन समर मल्लले गाएथे)– निकै ख्यातिप्राप्त बन्यो । सबैले आस्थाको स्वर माने यसलाई ।

'रेडियो-नेपाल'को प्रतिष्ठापन हुनु (२००७ चैत्र २० गते पूर्व) सिंहदरबारको 'पुस्तकालय गृहमा' बराबर प्राभ्यास गरियो । र प्रयोगात्मक प्रसारण पनि भयो । पछि मात्र– औपचारिक रुपमा घोषित गरियो– "चैत्र २० गते ।" त्यस बखत कार्यक्रम शाखा र समाचार शाखा– दुई प्रमुख विभाग थिए । समाचार– राजनैतिक हिसाबले, र कार्यक्रम 'कलात्मक ढंगले' चल्दथे । शुरूको समयमा समाचारतर्फ– प्रकाशमान सिंह, हरि श्रेष्ठ, गजाधर माथेमा, मधुसूदन देवकोटा, राजेन्द्रकुमार गुप्ता, र लेखनमा– मुरारिकृष्ण शर्मा रहेको सम्झिइन्छ । समाचार– वाचनमा प्रकाशमान सिंहको र सम्पादनमा मुरारिकृष्ण शर्माको नाम चलेको

थियो । पछि अंग्रेजी प्रस्तुतिमा तीर्थराज तुलाधर थपिनुभयो । त्यसबखत समाचार-स्रोतको व्यवस्था नभएकाले– रेडियोबाट 'अन्तर राष्ट्रिय समाचार' सुनेको भरमा तयार पारिन्थ्यो- मुरारिकृष्ण शर्मा-बाट । यो पनि त्यस बखत 'असाधारण क्षमता' मानिन्थ्यो । शुरूको क्रियाकलापको रेखदेख र नियन्त्रणचाहिँ, तारिणीप्रसाद कोइरालाबाट हुन्थ्यो । कार्यक्रम शाखाको कामचाहिँ– लेखक, कवि, कलाकारसित सम्बन्ध कायम गरी विविध विषय प्रस्तुत गर्नुहुन्थ्यो । यसअन्तरगत अनेक नाम राखिएका थिए– कार्यक्रमको । जस्तो– बाल, छात्र, महिला, किसान आदि । सैनिक र रक्षादलको कार्यक्रम चाहिं सम्बन्धित निकायबाट संचालित हुन्थ्यो । त्यस बखत, बिहान– 'सरसल्लाह' गरी– बेलुकाको 'रुपरेखा' तयार पाऱ्यो– प्रसार गऱ्यो । र बेलुका– कार्यक्रमको रुपरेखा तयार पाऱ्यो, बिहान प्रसार गऱ्यो, गरिन्थ्यो । सगाउनेहरू तत्पर बनेर रुपरेखा अनुसार अघि सरी काम सम्पन्न गर्दथे । कुनै मुद्रित कार्यक्रम हुँदैन थियो । यसैबीच ग्रामोफोनमा गीत बजाएर दिउँसोको कार्यक्रम पनि चलाइयो । पछि २००८ साल, असोज १ मा 'झन्कार' प्रकाशित गरिएपछि– पूर्वसूचित कार्यक्रम छापिन थाल्यो । गीत र अन्य विषय पनि त्यसमा रह्यो । यसबारे स्मरणीय कुरा के छ भने– तत्कालै 'ब्लक' बनी कुनै पत्र-पत्रिकामा छाप्ने व्यवस्था त्यस बखत चलेको थिएन । तर 'झन्कार'ले प्रबन्ध मिलायो । कार्यक्रम संचालनमा सजिलो उपायचाहिँ– पहिलेबाटै कार्यक्रम 'झलक'सुनाउनु हुनगयो । यो परम्परा अहिलेसम्म कायम रहेको पाइन्छ ।

कार्यक्रम संचालनमा अनेक अप्ठेराहरू देखाहा पर्दथे । तर 'पारस्परिक सहयोगबाट' लहडी र रमाइलो पाराले– कार्यक्रम संचालित हुन्थे । कार्यक्रम रोचक बनाउन गीत र बाद्यको आवश्यकता घरिघरी पर्ने हुनाले– यसको पूर्तिका निम्ति गायक र संगीतकार तमतयार भएर बस्तथे । त्यस बखत, टेपको व्यवस्था मिलिसकेको थिएन । रेडियोको प्रारम्भमा भजनको सट्टा जागृतिगान र बाद्यवादन राखिएका हुन्थ्यो । वादन प्रमुख हुनुहुन्थ्यो– उ. गणेशलाल र कृष्ण नारायण । भजनले 'दास' बनाउँछ, भने झैं गरिन्थ्यो पहिले । पछि भजन पनि समावेश गरियो । यद्यपि दार्शनिक 'प्रवचन' लोचननिधि तिवारीबाट हर विहीबार प्रसार हुने व्यवस्था भने गरिएकै थियो । रेडियो-नेपालको प्रारम्भिक चरणमा गीत प्रस्तुत गर्नेमा– "नेपाली हौ भने नेपाली नै बन, जातिभेद क्यै छैन" भन्ने फणीन्द्र शमशेर राणालाई सम्झिइन्छ । जस्तो विराट-नगरको स्मरणमा रानुदेवी सम्झिइन्छ । पछि अनेकौं गीतकारका गीत कलाकारले गुन्जाए । संगीतपूर्ति गर्नेमा– उस्ताद गोविन्दलाल, उ.भैरव ब. थापा, हरिबहादुर रंजितकार आदि थिए भने पछि नातिकाजी र शिवशंकरको प्रवेश भएपछि आवश्यक गीतको पूर्ति हुन थाल्यो । त्यस बखत चल्तीको गीतमा– "नेपाली दाजुभाइ सबै दिदी बैनीलाई"– रामलाल जोशीको, र हरिप्रसाद रिमालबाट प्रस्तुत– "माघको महिना" थियो । अनि जनार्दन समबाट "म सबको माया मार्न सकूँ" आदि प्रख्यात थिए । पछि माधव प्रसाद भावुक, राममान तृषित, रत्न शमशेर थापा आदिको गीत प्रस्तुत हुन थाल्यो । माधव घिमिरेको "गाउँछ गीत नेपाली" पछि थपियो । प्रारम्भिक अवस्थाको गीत पूर्ति गर्नेमा– रोचकतामा तारिणीप्रसाद कोइराला (यो नयनमा), स्वदेशी गीतमा– वैष्णव, र दार्शनिकमा जनार्दन सम आदि देखिन आउँछन् । केही मात्रामा श्रीधर खनालबाट पनि गीत रचेको देख्न सकिन्छ । बालकृष्ण समज्यूको योगदानको त कुरै भएन । त्यस बखत कार्यक्रम संचालनमा नाम चलेकाहरू– तारिणी कोइराला

(बाल) छात्र– श्रीधर खनाल, किसान– जनकलाल शर्मा, नारी र प्रश्नोत्तरमा एलिस राणा र रश्मि राज्यलक्ष्मी देवीको नाम अघि सर्छ । धेरैजसो कार्यक्रम– पूर्तिको काम वैष्णवबाट सम्पन्न हुन्थ्यो । शुरूका गायिकामा– रानूदेवी, कोइलीदेवी, गीता–किशोरीदेवी आदि थिए । युगलगान वा संयुक्तगान गाउन महिलाहरू अघि नसर्ने स्थितिमा, हरिप्रसाद र किशोरीदेवीबाट– "जाऊँ हामी बादल पारि"ले परम्परा तोडेको थियो । पछि "कति बसौं पर्खेर ?"मा चन्दादेवी र जनार्दन सम– "तिमी र हामी भेटौंला"मा– भैरव बहादुर थापा र तारादेवी देखाहा पर्न आउँछन् । रेडियो-नेपालबाट बढी बज्ने गीतमा– रत्न शमशेर थापाको "ए कान्छा ठट्टैमा यो बैंस जान लाग्यो ।" राममान तृषितको–"जय जन्मभूमि" पनि सम्झिइन्छ । यसमा तारादेवी, प्रेमध्वज, नारानगोपाल आदि देखा पर्छन् । साथै– पन्नाकाजी, पुष्प नेपाली, ज्ञानबहादुर, फत्यमान पनि चम्केको पाउँछौं त्यसवेला । नाटक रुपकमा नाम चलाउनेमा– वैष्णवका अतिरिक्त, ध्रुवकुमार देउजा, बी.बी. सिंह, अभिलाषी, भुवन चन्द, विमला, कल्याणी, शकुन्तला, गर्तौला, हरिप्रसाद, मदनदास आदि पर्छन् पछिसम्म । मोटामोटी रुपमा यिनै सम्झना झल्कन आउँछन्– वर्तमानमा । जबकि आजभोलि साधनसम्पन्न भैसकेको छ रेडियो । शुरूको संचालनको मूल आधार 'पारस्परिक स्नेह र सहयोग' नै थियो, भन्नु पर्दछ । नाटक आदिमा स्त्री बनेर बोल्न नचाहनेबीच– शान्ता श्रेष्ठको अग्रताले सङ्कोच तोडेको कुरा संझिइन्छ । अनि सरकार परिवर्तनपिच्छे निर्देशक फेरिँदै जाने क्रममा– तारिणी प्र.कोइरालापछि– -लक्ष्मी राज्यलक्ष्मी राणा, देवेन्द्रराज उपाध्याय, भवानी भिक्षु, सुरेन्द्रराज शर्मा, प्रकाशमान सिंह, रामराज पौड्याल, भोग्यप्रसाद शाह, कृष्णबहादुर खत्री, प्रचण्डमान सिंह आदि संझिइन्छ । सबैले आफ्नो समयमा केही न केही गरेकै पाइयो । राजादेखि रङ्कसम्म सबैले चासो राख्ने 'रेडियो-नेपालमा'– समयअनुसार 'विस्तारशक्ति' पनि बढ्दै गएको देखिन आउँछ । शुरूमा २५० वाटको टान्समिटर थियो । त्यो बराबर बन्द हुँदा– 'सबैलाई तलब ख्वाउने यन्त्र' बिरामी भएझैं लाग्थ्यो । मर्मत हुन्थ्यो वद्रिप्रसाद ठाकुरबाट । वद्रिप्रसादको साथै– केदारलाल, र केदारप्रसादको पनि सम्झना हुन्छ । महेशप्रसादजी पनि संझिइन्छ । प्रस्तोताको साथै प्राविधिकहरूको पनि अविस्मरणीय योगदान रहेको मान्नुपर्छ– रेडियो-नेपालमा । अनि २०१७ को परिवर्तन पछि– 'नेपाल-रेडियो'बाट 'रेडियो-नेपाल' हुन गएको सम्झना पनि अविस्मरणीय छ । साथै श्री देवेन्द्रराजको समयमा निकालिएको– 'संझना' (रेडियो निबन्ध-सङ्ग्रह, २००९) नामक पुस्तकले– विश्व-विद्यालयमा एम.ए.को पाठ्यपुस्तकको स्थान (प्रारम्भिक अवस्थामा) पाएको महत्त्वलाई पनि भुल्नुहुने छैन । छोटकरीमा भन्नुपर्दा– भूतकालीन 'रेडियो-नेपाल'– जागरणको प्रतीक थियो भन्न सकिन्छ । यस सन्दर्भमा– तारादेवी र अरूणा लामा आदिलाई पनि श्रेय दिन पर्दछ । र दार्जिलिङ्गलाई पनि ।

संगीत-विकासको क्रममा– कृष्णमान डंगोल, गंगा राणा, तारा थापा, मीरा राणाका साथै योगेश वैद्य आदिको पनि अविस्मरणीय योगदान रहेको पाइन्छ । र वर्तमानमा बुलुमुकारूङको ख्याति बढ्दै गएको देख्न सकिन्छ । रेडियोको प्रारम्भिक धूनले चाहिँ– उ. गोविन्दलाललाई संझाइरहेको छ अझै । रेडियो-विकासका क्रममा– यादव खरेल, किरण खरेल आदिको युवा उत्साहले पनि निकै योगदान दियो । जसमा– 'नौ गेडीको माला' र

'कालो कपालको' छायाँ देखिन आउँछ । बाल कार्यक्रममा– श्री ईश्वरी, यज्ञ विष्ट, मुनाल आदि र शैक्षिकमा– खगेन्द्र नेपाली, कुवेर गर्तौला आदिको विशेषतालाई बिर्सन सकिन्न । रेडियो-नेपालबाट दर्शाइएको विशेषताको स्मरण गर्दा– साहित्य प्रधान 'आधुनिक गीतको' प्रस्तुती मान्नुपर्छ, जो केवल 'सुगम-संगीत' मात्र होइन। यसमा योगदान दिनेमा– गोपाल योञ्जन, गणेश रसिक, हिरण्य भोजपुरे, बच्चु कैलाश आदि पर्छन् । यस अतिरिक्त गीति-नाटकमा- चन्द्रराज शर्मा, बच्चु कैलाश, नातिकाजीको विशेषता देखिन आउँछ ।

वर्तमान समयमा रेडियो-नेपाल साधनसम्पन्न र सक्षम व्यक्तित्वहरूद्वारा प्रतिष्ठापित देखिन्छ । चारैतिरका विज्ञहरू यसमा समावेशित देखिइन्छन्। यस स्मरणभित्र– पुरूषोत्तम सापकोटा, यज्ञनिधि आदि पनि पर्छन् । अनि रवीन्द्र, तुलसी, 'जिताली' आदि पनि देख्दैछौं । प्राविधिकमा रामशरण कार्कीको साथै कार्यक्रम र समाचार– प्रस्तुतिमा एकसे एक व्यक्तित्व रहनुभएको देखिन्छ । तर पनि– 'टेलिभिजनले' गर्दा– यो ओझेलमा परेझैं देखिन गएको छ। यस बारेमा यही भन्न सकिन्छ कि– "निष्ठापूर्ण अनुराग छ" भने– यसले अझै प्रभाव पार्न सक्छ– देश विदेश र समाजमा । आफूलाई औपचारिक अवतार मात्र मान्ने, र सहृदयताविहीन बनी गजकेर रहने गरेमा– यसबाट विशेष आशा गर्न सकिन्न । गुणीहरूलाई आदरपूर्वक अघि सारी, उत्साहप्रद कार्य सम्पन्न गर्न सकेमा– अझै, रेडियोले सर्वत्र प्रभाव पार्न सक्ने देखिन्छ । जापान, अमेरिका, वृटिश आदि मित्र-राष्ट्र र भारतको पनि योगदान रेडियो-नेपालप्रति रहेकै हो । मुख्य कुरा, चहल-पहल ल्याउन अग्रसर हुन परेको छ– यसले आस्थापूर्वक । जागीर पचाउने र 'पोज देखाउने' प्रवृत्तिबाट यो टाढा रहनुपर्दछ जस्तो लाग्छ। जागीर र पोज मात्र मान्छेको व्यक्तित्व होइन, जागृति हो उसको 'परिचय' भन्ने कुरालाई वर्तमान रेडियो-नेपालले नबुझेको होला, भन्न सकिन्न। वर्तमानको आवश्यकता– ज्ञानी र गुणीबीच आत्मीयता बढाउनु नै हो, भन्ने ठान्न अनुचित होवैन ।

(२०६५ चैत्र २ गते)

;

## राष्ट्रिय गीत



*प्रदीप बमजन*

**जहाँ जाऊँ जहाँ बसूँ, चिनारी एउटै नेपाली**
**भिन्न धर्म जात रहे पनि, पहिचान एउटै नेपाली**
**सधैं भलो चिताऊँ-२, मातृभूमि नेपालको ।**

**हिमाल हाम्रो शिर अनि, पहाड शरीर हो**
**तराई (मधेस) हाम्रो मुटु, धड्कन नेपाल हो**
**सद्भाव हाम्रो प्राण, स्वाधीनता शान हो**
**राख्दैनौं भेदभाव कुनै, मानवता धर्म हो ।**

**अन्यायसँग जुझ्ने, साहस सधैं मिलोस्**
**अखण्डता नै बल हाम्रो, परिश्रम इमान बनोस्**
**फहराइरहोस् चन्द्र-सूर्य, सगरमाथामा**
**नेपाल नै नेपाल होस्, सधैं यो छातीमा ।**

**के तपाईको फोन छैन ?**

**STD, ISD छैन ?**

## चिन्ता नलिनुहोस्, तपाईका लागि

EASY CALL

1650

Any phoe any where...

रू. २००/-, रू. ५००/- र रू. १,०००/- का

प्रिपेड कलिङ कार्डहरू प्रयोग गर्नुहोस

## नेपाल टेलिकम

# सुरक्षित बचत,

# उचित प्रतिफल का का लागि

देश भरि कार्यालय सञ्जाल भएको, तपाईं हाम्रो घर आँगनको बैंक,

**Agricultural Development Bank Ltd.**

**कृषि विकास बैंक लिमिटेड**

हामी एक आपसमा व्यवसायी सहयोगी बनौं ।

**www.adbl.gov.np**

'क' वर्गको वित्तीय संस्था

# मिडिया र मूल्य-मान्यता
# (Media and Values)



– *विनयकुमार कसजू**

## मानिस र संचार

संचारबिना मानव समाज चल्दैन । तर मानिसले गर्ने संचार र अरु प्राणिले गर्ने संचारको माध्यम र प्रविधि धेरै फरक छ । मानिसको संचार साधन, सीप, भाषा, शब्द र ध्वनिमा मात्र सीमित छैन । उसले गीत, संगीत, मूर्तिकला, वास्तुकलाका साथै अभिव्यक्तिका ललित र नवीनतम माध्यम तथा प्रविधिहरुको प्रयोग र विकास गरिरहन्छ ।

संचारको सवालमा अन्य प्राणी र मानिसबीच अर्को अत्यन्तै महत्वपूर्ण भिन्नता संचारको विषयवस्तु वा अन्तर्वस्तु हो, जसलाई सन्देश, जानकारी, ज्ञान वा सूचना भनिन्छ । मानिसले समाज र सामाजिक नियम बनाएको छ । खाने, बाँच्ने, सन्तान उत्पादन गर्ने जस्ता मूल प्रवृत्तिका सम्बन्धमा मानव समाजका मूल्यमान्यता वा आदर्शहरु छन् । हजारौं वर्षको मानव समाज र सभ्यताहरुको विकासले यी मूल्यमान्यताहरु जन्मेका, हुर्केका र स्थापित भएका हुन् । मानिसले धर्म, संस्कृति, कला, साहित्य, विज्ञानका अनेकौं आदर्श, मूल्यमान्यताहरु स्थापना गरेको छ ।

## संचार माध्यम र मूल्यमान्यता

मानव समाजमा मूल्यमान्यताहरु (Value) सिर्जना, विकास र स्थापित गर्ने काम संचार माध्यमहरु (Media) ले गर्छन् । गुफाबासी ढुंगेयुगको मानव समाजमा एउटी आमाले आफ्नो बच्चालाई उसको समूहको कुनै सदस्यले हिंसक जानवरको शिकार गरेको थियो भन्ने 'वृत्तान्त' (Story) सुनाउँदा त्यो बच्चाले 'बहादुरी राम्रो कुरा हो, मानिसहरु बहादुर हुनुपर्छ । जंगली जनावरलाई मार्नु ठीक हो' भन्ने मूल्यमान्यता पनि ग्रहण गर्छ । उसले जनावर मारेको रोमांचक कथा मात्रै सुन्दैन मूल्यमान्यता पनि सिक्छ । साहस, बहादुरी राम्रो कुरा हो भन्ने मूल्य मान्यता हजारौं वर्षपछि पनि मानव समाजमा विभिन्न वृत्तान्तहरुबाट प्रवाहित भइरहेछ । यस्ता वृत्तान्तहरु बोली, भाषा, कला आदि संचारका विभिन्न माध्यममार्फत् संचार भइरहेका छन् ।

मानव इतिहासको सुरूदेखि नै मानिसहरुले कुनै न कुनै रुपमा संचार गर्दै आइरहेका छन् । आफ्ना अनुभूतिहरु, भावनाहरु, विचारहरु र मूल्यमान्यताहरुलाई मानिसले 'वृत्तान्त' को रुपमा विभिन्न माध्यम र विधामार्फत् व्यक्त गर्दै आएका छन् । प्राचिन कालमा मानिसहरु गाएर नाचेर, मूर्ति, चित्र बनाएर तथा घटनालाई वृत्तान्तको रुपमा सुनाएर संचार गर्थे । ती अभिव्यक्ति/संचार बाट मानिसहरुले समाज र जीवनमा बहादुरी, दया, प्रेम जस्ता कुराहरुको जीवनमा के महत्व छ भनेर बुझ्थे ।

* लेखक: राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त हुनुहुन्छ ।

## मूल्यमान्यताका नयाँ संवाहकहरू

अहिले संचार गर्नका लागि माध्यमहरु धेरै छन् । सूचना र संचार प्रविधिको विकासले गर्दा संचारका माध्यमहरु फेरिएका छन् । तर माध्यमहरु फेरिए पनि वा धेरै माध्यम भए पनि सबै माध्यमले 'वृत्तान्त' सुनाउने काम नै गरिरहेको छन् । समाचारदेखि सिरियल र विज्ञापनले वृत्तान्तमार्फत मूल्यमान्यताको संचार गरिरहेका छन् ।

आधुनिक युगमा चलचित्र हेर्ने दर्शकले कथामात्रै हेर्दैन त्यसमा भएका सामाजिक, धार्मिक, आर्थिक मूल्यमान्यता पनि ग्रहण गरिरहेको हुन्छ । टेलिभिजनमा कार, मोटरसाइकल वा खाद्य वस्तुको विज्ञापन हेर्ने दर्शकले पराई समाजको मूल्यमान्यता पनि सिकिरहेको हुन्छ । अर्थात् संचारमाध्यमहरुले सन्देश, सूचना, जानकारी र ज्ञानसँगसँगै मिसाएर मूल्यमान्यता पनि प्रसार गरिरहेका हुन्छन् । हरेक मिडियाको यो अन्तर्निहित र अलग गर्न नसकिने गुण हो ।

वृत्तान्त भन्नाले कुनै वस्तु वा विषयको विवरण, बयान बेलिबिस्तार, हालखबर, समाचार तथा वर्णनात्मक कथा वा कहानी, नाटक, खेलकूद, टेलिश्रृंखला इत्यादि सबै कुरा आउँछन् । झण्डै एक शताब्दीअघिसम्म वृत्तान्त सुनाउने पात्रहरु सीमित थिए । आमाबाबु, परिवारका मुख्य व्यक्ति वा समाजका अगुवा, कवि, साहित्यकार, ऋषिमुनि, गुरू, विद्यालयका शिक्षकले वृत्तान्त सुनाउँथे । ती वृत्तान्तकारहरुले सन्तान वा सामाजको जिम्मेवारी बोकेका हुन्थे । त्यसैले उनीहरुले सुनाउने वृत्तान्त र ती वृत्तान्तले सिकाउने नैतिक मूल्यमान्यता पनि सकारात्मक हुन्थे । तर संचार र आमसंचारका विविध माध्यम र प्रविधिको आविष्कार र प्रचलन बढेपछि ती परम्परागत वृत्तान्तकारहरुको भूमिका स्वात्तै घटेको छ । उनीहरुको ठाउँमा नयाँ वृत्तान्तकार हरुको उदय भएको छ ।

सूचना र संचारका नयाँनयाँ माध्यम र प्रविधिको विकासले गर्दा आधुनिक वृत्तान्तकारहरु धेरै सुगठित (Structured), सुरचित र जटिलका साथै बलिया र प्रभावशाली बन्दैछन् । अहिलेका बालबालिकाको लागि प्रमुख वृत्तान्तकार (Story Teller) टेलिभिजन बनेको छ । आमाको दूध चुस्दै टेलिभिजन हेर्ने बच्चाहरुको संख्या तीव्र गतिले बढिरहेको छ । टेलिभिजनका साथै रेडियो र कम्प्युटर जस्ता चौबिसै घन्टा वृत्तान्त सुनाइरहने नयाँ वृत्तान्तकारहरु घरघरमा उपस्थित छन् । बालमस्तिष्कहरुले तिनै नयाँ वृत्तान्तकारहरुबाट मूल्यमान्यता ग्रहण गरिरहेका छन् ।

## नैतिक जिम्मेवारीविहीन मिडियाको बढ्दो प्रभाव

यसको सोझै अर्थ के हो भने बच्चाहरुले अब आमाबा वा स्कुलका शिक्षकभन्दा त्यस्ता व्यक्तिहरुको सानासाना समूहहरुबाट वृत्तान्त सुनिरहेका छन् जोसँग बेच्ने कुरा छ । आफ्नो मालसामान वा सेवा बेच्नका लागि ती समूह वा कम्पनीहरुले वृत्तान्तहरु संचार गरिरहेका हुन्छन् । आमाबा, अभिभावक, गुरूजस्ता परम्परागत वृत्तान्तकारको सन्तान र समाजप्रति माया र नैतिक जिम्मेवारी हुन्छ । तर हाम्रा सन्तान र समाजप्रति नयाँ वृत्तान्तकारहरुको कुनै नैतिक जिम्मेवारी देखिँदैन । उनीहरु आफ्नो सामान वा सेवा बेच्नका लागि ती वृत्तान्तहरु लोभलाग्दो तरिकाले संचार गरिरहेका हुन्छन् । यी नयाँ बृत्तान्तकारहरु संसारभरि फैलिएका छन् । एउटा देशको वृत्तान्तकार धेरै देशमा पुगेका छन् । तिनीहरुले भाषा र राष्ट्रको सीमा नाघिसकेका छन् । तिनीहरुको पहुँच विश्वव्यापी बन्दैछ । तर तिनीहरुको मूल ध्येय मानवहितभन्दा बेग्लै छ ।

विराना, नाफामुखी, स्वार्थनिहित, जिम्मेवारीरहित तथा आधुनिक माध्यम, प्रविधि र विधाले युक्त वृत्तान्तकारहरु अब हाम्रो घरभित्र चौबिसै घन्टा उपस्थित छन् । तिनीहरुले निरन्तर, औसत दिनको चार घन्टा, हामी र हाम्रा बालबालिकालाई मूल्यमान्यता सिकाइरहेका छन् ।

हाम्रो समाजमा मूल्यमान्यता संचार गर्ने अरु पनि साधनहरु छन् । टेलिफोन र मोबाइलफोनको विश्वव्यापी पहुँच भएको हुनाले यसबाट मानिसले संसारको जोसुकैसँग कुरा गर्न र वृत्तान्त सुन्न सुनाउन सक्छ । इन्टरनेटमा जोडिएको कम्प्युटर खोल्ने बित्तिकै संसारका जुनसुकै भागमा बसेका हजारौं मानिससँग एकैचोटि कुराकानी हुन सक्छ । यसै गरी रेडियोबाट सयौं स्टेसनबाट वृत्तान्तहरु सुन्न सकिन्छ । बजार र फुटपाथमा पाइने सस्ता र सुलभ सिनेमाका सीडी, डीभीडी तथा आकर्षक रुपमा मुद्रित तथा सम्पादित पुस्तकहरुले निरन्तर मूल्यमान्यता फैलाइरहेका छन् ।

आखिर मिडियाले केकस्ता मूल्यमान्यता प्रसार गरिरहेका छन् ? समाज र सन्ततिका लागि यो कति उपयोगी वा हानिकारक छ ? के समाजमा नभएका वा अप्रचलित र अस्वीकृत मूल्यमान्यता पनि तिनीहरुले प्रसार गरिरहेका छन् त ? अहिले यो विषय अभिभावक वा आमाबा र समाजशास्त्रीको मात्रै चिन्ताको विषय होइन, समग्र नागरिक समाजको चासोको विषय हो ।

मिडियाले समाजमा विद्यमान मूल्यमान्यता मात्र प्रसार गर्छ । त्यसले आफै सिर्जना गरेर मूल्यमान्यता फैलाउने काम गर्दैन भन्ने केही विशेषज्ञहरुको भनाइ छ । तर विज्ञापनको सवालमा यो कुरा लागू हुँदैन । अचेल टेलिभिजनबाट प्रसार हुने कार, मोटरसाइकल, फ्रिज, वासिंगमेशिन तथा खाद्य सामग्री र सेवाको विज्ञापन जसरी आइरहेका छन् तिनले सामान र सेवा बेच्ने सन्देश मात्रै दिँदैनन् । त्योभन्दा बढी उनीहरुले विरानो सामाजिक, सांस्कृतिक र आर्थिक मूल्यमान्यता प्रसार गरिरहेका छन् । वास्तवमा उनीहरुले समाजमै नभएका मूल्यमान्यता स्थापित गर्न खोज्दैछन् ।

अमेरिकाको युटाह विश्वविद्यालयका मनोवैज्ञानिक डा. विक्टर क्लाइबका अनुसार मिडियाले हाम्रो जीवनमा प्रभाव पार्छ र हाम्रा मूल्यमान्यताहरु निर्धारण गर्छ । उनको भनाइमा हाम्रो मन, मुटु, हाम्रो आत्मामा मिडियाले मूल्यमान्यता वा नियमहरुको यति गहिरो जरा गडिदिन्छ कि हामी त्यही नियमअनुसार जीवनको खेल खेल्न थाल्छौं । हाम्रो समाजका मूल्यमान्यताहरु आधुनिक मिडियाले फैलाएका मूल्यमान्यताका उत्पादन हुन गइरहेको उनको भनाइ छ ।

गएको शताब्दीको उत्तरार्द्धतिर बेलायतमा एक जना मानिसले हामी को हौं भन्ने कुरा टेलिजिनले निर्धारण गर्नेछ भनेका थिए । अहिले आएर हामी कस्ता मानिस र समाज बन्दैछौं भन्ने पनि यसैले निर्धारण गर्दैछ भन्यो भने फरक पर्दैन । टीभीको दुर्गुण बुझेका मानिसहरु भन्छन् यो यस्तो साधन हो जसबाट अब हामी छुट्कारा पाउन सक्तैनौं । यसको दुर्गुण कम गर्न कोशिस गर्नेबाहेक अरु उपाय छैन ।

आखिर मिडियाले किन नैतिक मूल्यमान्यतार हित वा नकारात्मक वृत्तान्त, विषयवस्तु वा सामग्री उत्पादन गर्छ ? वास्तविकता के हो भने मिडियाका यी उत्पादकहरुलाई नैतिक मूल्यमान्यतासँग कुनै सरोकार नै छैन । समाजले कस्तो आदर्श मूल्यमान्यता कायम गर्नु पर्छ  भन्ने भावनाले उनीहरु काम गर्दैनन् । उनीहरु नाफा कमाउनका लागि काम गर्छन् । हामीले समाजमा जुन मूल्यमान्यता स्थापना

भए बेस हुन्थ्यो भन्छौ, अहिले त्यसलाई मिडिया उत्पादक, टेलिभिजन स्टेसन वा च्यानलको उद्देश्यले विस्थापित गरेको छ। मिडिया मालिकहरुका लागि आफ्नो लगानी उठाउनु पहिलो प्राथमिकता हुन्छ भने आफ्ना विज्ञापनदाताहरुको ढुकुटी भर्नु पनि उनीहरुको कर्तव्य हुन्छ। मिडिया मालिकको सफलता समाजलाई त्यसले कति नैतिक बनायो भन्ने आधारमा होइन, त्यसले कति कमायो भन्ने आधार मा जाँचिन्छ । यसैले मूल्यमान्यताविहीन मिडिया सामग्रीहरुको उत्पादन निरन्तर बढिरहेको छ ।

वास्तवमा मिडिया आफैमा असल वा खराब हुँदैन । मिडिया वृत्तान्त सुनाउने माध्यम मात्रै हो। यसलाई कुनै पनि व्यक्ति, समूह, समुदाय, व्यवसायी, व्यापारी, सरकार वा अन्य निकायले आफ्नो नियन्त्रणमा राखेर संचालन गर्न सक्छ । आफूलाई फाइदा हुने तरिकाले विषयवस्तु उत्पादन र संप्रेषण गर्न सक्छ । यसैले मिडियाको प्रयोग कसले किन र कसरी गर्छ भन्ने कुरामा मिडियाको उपयोगिता भर पर्छ। यसैले मिडिया कसको हातमा छ र कसले संचालन गर्छ भन्ने कुरा महत्वपूर्ण कुरा हो ।

सन्देश कति शक्तिशाली छ भन्ने कुरा वृत्तान्त सुनाउनका लागि कस्तो भाषा र शैली प्रयोग गरिन्छ, गरिएको छ भन्ने कुरामा भर पर्छ। त्यही माध्यमबाट झुटो, प्रभावहीन कुरा पनि प्रसार गर्न सकिन्छ भने त्यही माध्यमबाट साँचो र प्रभाकारी, उपयोगी कुरा पनि फैलाउन सकिन्छ। माध्यम र सन्देशको उपयोग अनगिन्ती उद्देश्य, प्रयोजनका लागि गर्न सकिन्छ ।

## मिडियाको सक्रिय निगरानीको खाँचो

प्रविधि र सीपको विकाससँगै अहिले मिडियाले संप्रेषण गर्ने वृत्तान्त/सन्देशका भाषा, शैली र सीपहरु पनि फेरिएका छन् । पहिलेको दाँजोमा मिडिया अहिले प्रभावकारी मात्रै होइन, सर्वकालिक र सर्वव्यापीजस्तै भएको छ। तर यसरी शक्तिशाली बनेको मिडियाबाट प्रेषित भइरहेका सन्देशहरुमा अडियन्स (पाठक, श्रोता, दर्शक) ले कति र कस्ता मूल्यमान्यता ग्रहण गरिरहेका छन् ? ती सन्देशहरु कति मूल्यमान्यतायुक्त वा विहिन् छन् ? यी कुरा कसरी थाहा पाउने ?

पहिलो कदम विभिन्न मिडियाले प्रेषित गर्ने वृत्तान्तको अध्ययन गर्नु पर्छ। टीभी वृत्तान्त संप्रेषण गर्ने एउटा शक्तिशाली माध्यम हो । तर त्यसले प्रस्तुत गर्ने वृत्तान्त सबै राम्रा वा सबै नराम्रा हुँदैनन्। टीभीले प्रस्तुत गर्ने वृत्तान्तसँग जोडिएको एउटा मुख्य समस्या के हो भने यसले देखाउने सबै वृत्तान्त सत्य हुन्छन् भन्ने धेरैलाई लाग्छ, भ्रम पर्छ । खास गरी बालबालिकाले यसलाई जस्ताको तस्तै रुपमा, सत्य ठानेर ग्रहण गर्छन्। तर हरेक टीभी कार्यक्रम नाटक वा फिल्मजस्तै मंचन र सुटिंग गरेर तयार पारिएको हुन्छ । त्यो वास्तविकताको प्रतिविम्ब मात्र हुन्छ। कुनै घटनाको प्रत्यक्ष प्रसारणमा पनि फोटोग्राफर र प्रस्तुतकर्ताको दृष्टिकोण मिसिएको हुन्छ भन्ने बिर्सनु हुँदैन ।

नैतिक मूल्यमान्यता सिक्ने सवालमा टीभी र बालबालिकाको सम्बन्धलाई गम्भीर रुपमा लिनुपर्छ । किनभने प्रौढहरुले टीभी हेर्नु र बालबालिकाले हेर्नुमा धेरै फरक छ । प्रौढहरुमा एउटा मूल्यमान्यता स्थापित भइसकेको हुन्छ भने बालबालिकाले सोझै पहिलो पटक टीभीबाट मूल्यमान्यता ग्रहण गरिरहेका हुन्छन्। आमाबा वा अभिभावक आफ्ना सन्तानलाई समाज र संसार सँग परिचित गराउनुभन्दा पहिले नै टीभीले बालबालिकालाई समाज र संसार चिनाउन, घुमाउन तथा समाज र संसारबारे अवधारणा बनाउन वाध्य

पार्न थाल्छ । सडक कसरी पार गर्ने भन्ने सिकाउन नपाउँदै टीभीले त्यस्ता सडकहरुमा बालबालिकालाई घुमाउन लगिसक्छ । टीभीले सम्पूर्ण संसार खुल्ला गरिदिन्छ । उनीहरुभन्दा हजारौं किलोमिटर पर भएका हत्या हिंसा, यौनकर्म, अपराधआदि सबै कुरा टीभीले उनीहरुको वरिपरि भएको जस्तै गरी देखाइदिन्छ । ती कुरा बालबालिकाले आफ्नै वरिपरि भइरहेको अनुभव गर्न थाल्छन् ।

अधिकांश फिल्म वा टीभी सिरियलमा भ्रष्टाचारी, अपराधीहरुले सुखसयल, मोजमस्ती गरेको, उच्चस्तरको जीवन बाँचिरहको देखाइन्छ । सत्य र असल पक्षले फिल्मको अधिकांश समयभरि दुःख पाउँछ र अन्त्यमा केही मिनेटको सुख पाएको देखाइन्छ । अपराध र असामाजिक कामलाई गौर वान्वित गर्ने कामबाट अन्तिममा दिइएको नैतिक शिक्षाले के प्रभाव पार्छ ? मिडियाबाट यस्ता मूल्यमान्यता ग्रहण गर्ने बालबालिका र किशोरहरु अपराधी र भ्रष्टाचारीको जीवन शैली बाँच्न चाहनु अस्वाभाविक होइन ।

त्यस्तै सिनेमाका नायक नायिका र अन्य सेलिब्रेटीका बारेमा बालबालिका र किशोरहरुले उनीहरूको पहिलेको दुःख पाएको वा संघर्षपूर्ण जीवनको बारेमा थाहा पाउने मौका कमै पाउँछन् । उनीहरुको ऐस आरामको जीवन मात्रै देख्न पाउँछन् । तर वास्तविक जीवनमा कति संघर्ष गर्नु पर्छ वा कति दुःख गरेर त्यो ठाउँमा पुगियो भन्ने कुरा हेर्न पाउँदैनन् । टीभीमा आदर्श नैतिक मूल्यमान्यतालाई संवर्द्धन गर्ने कार्यक्रम सुरू हुने बित्तिकै टीभी बन्द गर्ने दर्शकहरुको संख्या धेरै छ ।

टीभीमा आउने खराब वा नकारात्मक वृत्तान्तबाट कसरी जोगिने ? हाम्रो घरभित्र भइर हेको टीभीको यो हस्तक्षेपबाट हामी मुक्त हुन सक्छौँ ? टीभीबाट आइरहेका हानिकारक वृत्तान्तहरुलाई रोक्न, नियन्त्रण गर्न सक्छौँ ?

गीत र संगीतले पनि मूल्यमान्यता संप्रेषण गर्छ । अधिकांश गीतको विषयवस्तु मायाप्रीति भए पनि कतिपय गीत र संगीतले रक्सी, चुरोट र लागू पदार्थतिर आकषित गर्ने, असफलतामा रमाउने, आत्महत्या गर्न प्रेरित गर्ने पनि हुन्छन् । पप कल्चरमा यस्ता नकारात्मक संगीत पनि मौलाएको देखिन्छ । तर कुनै पनि संगीतले सबै जनालाई एकै खालको प्रभाव पार्दैन । एउटै गीत वा संगीतले पनि व्यक्ति विशेषमा गहिरो प्रभाव पार्न सक्छ । वास्तवमा कसैले कुनै गीत वा संगीतलाई कसरी ग्रहण गर्छ, बुझ्छ भन्ने कुरा महत्वपूर्ण हुन्छ । यसैले अभिभावकहरु र मित्रहरुले संगीतको सही छनोट मात्रै होइन त्यसको विश्लेषण गरेर त्यसबाट ग्रहण गर्ने सन्देशबारे पनि छलफल गर्नु आवश्यक हुन्छ । संगीतका बारेमा दुई पुस्ताबीच खुला छलफल हुनु उपयोगी हुन्छ ।

वृत्तान्त प्रस्तुत गर्ने अर्को महत्वपूर्ण माध्यम अखबार, पत्रपत्रिका अर्थात् प्रेस हो । यसले दिनदिनै हाम्रा मूल्यमान्यतालाई प्रभावित गरिरहन्छ । पत्रकारले सुनाउने लेख्ने वृत्तान्त प्रायः हाम्रो समाज र विश्वमा हामीसँग सरोकार राख्ने प्रमुख घटना हुन्छन् । अधिकांश पत्रकारले वृत्तान्त सही र यथार्थ रुपमा प्रस्तुत गर्न खोज्छन् । तैपनि सबै वृत्तान्त वा समाचार इमान्दारीपूर्वक रिपोर्टिङ गरिएको हुँदैन । केही पत्रकारहरु सनसनीपूर्ण समाचारलाई महत्व दिन्छन् । सबैजसो पत्रकारहरुको ध्यान समाचारको बजारमाथि हुन्छ । बिकाउ समाचार खोज्ने, बजार को आवश्यकता वा मागअनुसारको समाचार बनाउने उद्देश्य हुन्छ । यसरी पत्रकारहरुले आफ्नो पद र सुविधा (Privilege) को दुरुपयोग र पेशाको मर्यादालाई बेवास्ता गर्ने संभावना हुन्छ ।

पत्रकारहरुको अर्को समस्या पनि छ। उनीहरु सीमित/निश्चित अडियन्सका लागि लेख्छन् । धेरैजसो पत्रकार र संपादकले आफ्ना सहकर्मी पत्रकार र संपादकलाई ध्यानमा राखेर वा उनीहरुलाई प्रभाव पार्ने उद्देश्यले रिपोर्टिङ गरिरहेका हुन्छन्। उनीहरु आपसमा कुरा गर्छन् र समाचार एकअर्काका लागि प्रभाव पार्ने गरी लेख्न खोज्छन् । वास्तवमा उनीहरुले आम पाठकका लागि लेख्नुपर्ने हो ।

कुनै पनि समाचार वा वृत्तान्त एउटा मात्र दृष्टिकोणले प्रस्तुत गर्दा अधुरो हुन्छ । कुनै पनि वृत्तान्तमा कति प्रकारका वा कति ओटा दृष्टिकोण, पक्ष वा बुँदा गरिएको छ भनी गन्यो गने त्यो वृत्तान्तको महत्व थाहा पाइन्छ। प्रेसमा एउटाभन्दा बढी, सकेसम्म धेरै मानिसको आवाज, विचार, अभिमत, दृष्टिकोण आउनुपर्छ । पत्रकारको काम त्यति बेला सर्वोत्तम हुन्छ जब उसले कुनै पनि घटना, समाचार वा वृत्तान्तको सकेसम्म धेरै पक्ष प्रस्तुत गर्छ। धेरै प्रकारको दृष्टिकोण प्रस्तुत गर्छ। धेरै जनाको भनाइ राख्छ । किन र कसरी भन्ने सवालको सकेसम्म धेरै र तार्किक विश्लेषणयुक्त तथ्य प्रस्तुत गर्छ। व्यावसायिक पत्रकारले कुनै पनि वृत्तान्त वा समाचारको सकेसम्म धेरै दृष्टिकोण र पक्ष प्रस्तुत गर्छ। यसका लागि प्रेसमा व्यावसायिक इमान्दारी भएका सही र इमान्दार मानिसहरु आउनु आवश्यक हुन्छ ।

सिनेमा वा फिल्म समाजमा मूल्यमान्यता संप्रेषण गर्ने अर्को प्रभावकारी माध्यम हो। समाजमा सकारात्मक विचार बढाउने फिल्म नबनेका होइनन् । तर तिनको संख्या, देखाउने अवसर र त्यसबारे छलफल गर्ने अवसर व्यापारिक फिल्मको तुलनामा साह्रै कम हुन्छ । आदर्श, नैतिक मूल्यमान्यतालाई ध्यान दिएर फिल्म बनाउनेहरु साह्रै कम हुन्छन्। बजारमा बिकाउ/चल्ने फिल्म बनाउने र पैसा कमाउने ध्यान र धुन धेरैको हुन्छ । यसका लागि हिंसा, हत्या, यौनकर्मका दृश्यहरु भएका, अपराध कर्मले प्रोत्साहन पाउने खालका दृश्य र घटनाहरुको बाहुल्य हुन्छ । समाजप्रति जिम्मेवारी बोध भएका निर्माताले मात्रै हत्या हिंसा, यौनकर्मलाई बढावा नदिने, सद्भाव बढाउने, असल कामका लागि प्रेरणा दिने फिल्म बनाउन आँट गर्छन्। नेपालमा अहिलेसम्म एउटा पनि बालफिल्म वा बालबालिकाका लागि फिल्म नबन्नु यसको ज्वलन्त प्रमाण हो ।

विचार तथा प्रेस स्वतन्त्रताको चर्को आवाज उठिरहेको र सूचना तथा संचार प्रविधिको विकासले गर्दा बाहिरी उपायबाट वा ऐन कानुन बनाएर मिडियाले प्रस्तुत गर्ने वृत्तान्तलाई रोक्न सकिन्न, गाह्रो छ। कमजोर सरकार भएको मुलुकमा त यो समस्यै छ । अब हाम्रो घरभित्र कुन वा कस्तो कार्यक्रम आउन दिने वा नदिने भन्ने जिम्मा सर कारले लिन असम्भव देखिन्छ। समाजले पनि लिन गाह्रो छ । यसको जिम्मा अब हामी आफैले लिनु पर्ने भएको छ ।

लोकतान्त्रिक समाजमा मिडियाले कस्तो समाचार वा वृत्तान्त प्रस्तुत गर्नुपर्छ भनी निधो गर्ने काम जनताको हो । रेडियोमा कस्तो कुरा सुन्ने, अखबारमा कस्तो कुरा पढ्ने, र टेलिभिजनमा कस्तो कुरा हेर्ने र सुन्ने भन्ने निधो गर्ने अधिकार जनतासँग हुनुपर्छ। मिडियाको क्षेत्रमा जिम्मेवार व्यक्ति आउन् अनि वृत्तान्त र समाचारको गुणस्तर उच्चस्तरको होस् भन्ने चाहनु पनि जनताको अधिकार हो । जनता मिडियाको मुखापेक्षी वा कृपापात्र बन्ने अवस्था आउनु भनेको समाज र लोकतन्त्रका लागि प्रतिकूल अवस्था हो । वास्तवमा अडियन्स नै मिडियाको निर्णायक हो र हुनुपर्छ। यसका लागि सचेत र सक्रिय नागरिक समाजको आवश्यकता

हुन्छ । नागरिक समाजले नै मिडियाको निगरानी गर्नुपर्छ ।

हाम्रो सकारात्मक प्रतिविम्ब दिने र हाम्रो नैनिक मूल्यमान्यतालाई संवर्द्धन गर्ने वृत्तान्तहरु हामीले कसरी रोज्न र पाउन सक्छौं ? मिडियामा प्रस्तुत गरिने वृत्तान्तले हाम्रा मूल्यमान्यतालाई प्रभाव पार्न सक्छ । यसमा शंका छैन । तर हामी (प्रौढ) ले के कुरामा विश्वास गर्नु हुन्छ, के कुरामा विश्वास गर्नु हुँदैन, अनि हामी के कुरा चाहन्छौँ भन्ने कुराको नियन्त्रण मिडियाले गर्दैन, गर्न दिनु हुँदैन । मिडियामा आउने कतिपय विषयवस्तुसँग हामी सहमत हुन्छौँ भने कतिपय कुरा हामीलाई चित्त बुझ्दैन । विरोध गर्न मन लाग्छ । यस्तोमा हामीले के चाहन्छौँ र के चाहन्नौँ भन्ने कुरा अडियन्सको हैसियतले मिडियालाई स्पष्टसँग भन्न सक्नुपर्छ । यो हरेक अडियन्सको जिम्मेवारी हो । नत्र हामीले चाहेजस्तो कुरा पाउन सक्तैनौँ । मिडियाले बेच्न वा लाद्न खोजेको कुरामात्र पाइरहनेछौँ ।

(२०६५ फागुन २४ गते शनिबार)

;

## रेडियो नेपालको स्थापनाकालदेखि अहिलेसम्मका निर्देशकहरू:

| | | |
|---|---|---|
| १. | श्री तारिणीप्रसाद कोइराला | निर्देशक |
| २. | श्रीमती रश्मिराज्यलक्ष्मी राणा | कार्यवाहक निर्देशक |
| ३. | श्री भवानी भिक्षु | कार्यवाहक निर्देशक |
| ४. | श्री देवेन्द्रराज उपाध्याय | निर्देशक |
| ५. | श्री सुरेन्द्रराज शर्मा | निर्देशक |
| ६. | श्री प्रकाशमानसिंह प्रधान | कन्ट्रोलर |
| ७. | श्री रामराज पौड्याल | निर्देशक |
| ८. | श्री भोग्यप्रसाद शाह | निर्देशक |
| ९. | श्री प्रचण्डमानसिंह प्रधान | व्यवस्थापक |
| १०. | श्री कृष्णबहादुर खत्री | निर्देशक |
| ११. | श्री जैनेन्द्रजीवन शर्मा | निर्देशक |
| १२. | श्री घनानाथ ओझा | निर्देशक |
| १३. | श्री शैलेन्द्रराज शर्मा | का.मु.कार्यकारी निर्देशक |
| १४. | श्री मुकुन्दप्रसाद आचार्य | का.मु.कार्यकारी निर्देशक |
| १५. | श्री शैलेन्द्रराज शर्मा (दोस्रोपटक) | का.मु.कार्यकारी निर्देशक |
| १६. | श्री तपानाथ शुक्ल | कार्यकारी निर्देशक |
| १७. | श्री गीताप्रसाद खनाल | कार्यकारी निर्देशक |
| १८. | श्री राजेन्द्र शर्मा | का.मु. कार्यकारी निर्देशक |
| १९. | श्री रामशरण कार्की | कार्यकारी निर्देशक |

**नयाँ वर्ष २०६६ का अवसरमा समस्त उपभोक्ता वर्गको सुस्वास्थ्य, दीर्घायु एवं सुखमय तथा शान्तिपूर्ण जीवनका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**

**दुग्ध विकास संस्थान**
**लैनचौर, काठमाडौं ।**

## कानून किताब व्यवस्था समिति बबरमहलको

### प्रेस विज्ञप्ती

सरकारी कार्यालयको छाप र सरकारी कर्मचारीको दस्तखत कीर्ते गरी विभिन्न कानूनी कागजातहरू तयार गर्ने र त्यस्ता कागजातहरूको अनुवाद गरी यस समितिका अधिकृतको दस्तखत तथा छाप समेत कीर्ते गर्ने कार्य भइरहेको भन्ने गुनासाहरू समय समयमा समितिमा आइरहेको तर्फ समितिको ध्यान आकर्षित भएको छ । यसै क्रममा नागरिकताको प्रमाणपत्र, जग्गाधनी प्रमाण पूर्जा तथा अन्य कागजातहरूको अनुवाद गरी त्यसमा यस समितिको अधिकृतको कीर्ते दस्तखत गरी कीर्ते छाप लगाइएका केही कागजातहरूका प्रतिलिपि समितिमा प्राप्त हुन सक्ने अनुमान गरिएको छ । आफ्नो लागि आवश्यक पर्ने कागजात अरू कसैले बनाइदिन्छु भनेको आधारमा आफू सम्बन्धित अड्डामा गई निवेदन दिने जस्ता कार्य नगरी त्यस्तो व्यक्तिलाई विश्वास गरी रकम बुझाउँदा कीर्ते काम गर्ने ठगहरूको शिकार बन्न सकिने अवस्था हुन जान्छ । कीर्ते गरी तयार गरेको कागजको कुनै कानूनी मान्यता नहुने र कागजातको वाहक कानूनी कारवाहीमा पर्न सक्ने हुन्छ । अनुवाद गर्नुपर्ने कागजातहरू भएमा सम्बन्धित व्यक्तिले सोझै यस समितिमा सम्पर्क राख्न सक्नेछ । आफूलाई आवश्यक परेको कागज अनुवाद गर्दा समितिबाट तोकिएको रकम बाहेक अन्य रकम उपलब्ध नगराउन र यस्तो कीर्ते गर्ने कार्यलाई निरूत्साहित गर्न सम्बन्धित सबैमा अपिल गर्दछौं । कीर्ते छाप प्रयोग गर्ने र गराउने दुवैलाई कानून बमोजिम सख्त कारवाही गरिने हुँदा यस विषयमा सम्बन्धित सबैलाई सजग रहन समेत समिति अनुरोध गर्दछ ।

# "अनिर्णयको बन्दी" कहिलेसम्म



–मुकुन्द प्रसाद आचार्य*

## ऐतिहासिक दायित्व

निरंकुश जहानिया शासन विरूद्ध संघर्षरत प्रजातन्त्रका वीर मुक्ति-योद्धाहरूको जोश र जागरमा उत्साह थप्न भोजपुरबाट आफ्नो गाथा प्रारम्भ गरेको रेडियो प्रसारणले विराटनगर हुँदै नेपालमा प्रजातन्त्रको स्थापनासँगसँगै काठमाडौंको सिंहदरबारबाट नियमित यात्रालाई निरन्तरता दिएको पनि आज ५८ वर्ष पूरा भइसकेछ। "स्वतन्त्र नेपाल रेडियो" को उदघोषका साथ आफ्नो प्रसारण यात्रा प्रारम्भ गरेको आजको रेडियो नेपालले यी ५८ वर्षभित्र देशको राजनैतिक, सामाजिक, आर्थिक, सास्कृतिक एवं धार्मिक लगायत विभिन्न क्षेत्रमा रूपान्तरणका लागि महत्त्वपूर्ण र उल्लेखनीय योगदान पुर्‍याएको कुरामा कसैको दुइमत होवोइन । राष्ट्रभाषा नेपालीका साथै विभिन्न राष्ट्रिय भाषाहरूमा गीत संगीतको प्रवर्द्धन र जगेर्ना गर्ने कार्यमा रेडियो नेपालले प्रशस्त श्रम, सीप र स्रोतको लगानी गरेको छ । आज नेपालभित्रका असंख्य एफ. एम. रेडियोहरूबाट बज्ने अधिकांश पुराना र कालजयी गीतहरू रेडियो नेपालकै उत्पादन हुन् ।

शुरूका वर्षहरूमा रेडियो नेपालले भर्खरै स्थापित प्रजातान्त्रिक व्यवस्थाका बारेमा आम जनतालाई सुसूचित गर्ने गहनतम उत्तरदायित्व निर्वाह गर्नुका साथै नेपालको एकता, अखण्डता र सर्वभौमसत्ताको संवर्द्धन एवं मुलुकमा सामाजिक, आर्थिक परिवर्तन तथा शैक्षिक चेतना अभिवृद्धिका लागि सूचना तथा सन्देशहरू जनसमक्ष पुर्‍याउने अभिभारा लिएको थियो ।

प्रारम्भका दिनहरूमा रेडियो नेपालको प्रसारण क्षमता कम र प्रसारण अवधि पनि सीमित भए तापनि यसले प्रजातन्त्रको प्रत्याभूति हुने खालका कार्यक्रमहरू प्रसारण गर्ने गरेको पाइन्छ । त्यस बखत उपलब्ध आम संचारका साधनहरूमध्ये छापा माध्यमको सीमित मात्रामा मात्र व्यवस्था भएको र सबैभन्दा बढी जनतासम्म पुग्ने प्रभावकारी एक मात्र माध्यम भएकाले पनि रेडियो नेपालले नेपालमा आम संचार क्षेत्रमा युगान्तकारी जागरण पैदा गर्ने अहम भूमिका निर्वाह गर्न सक्षम भएको देखिन्छ । यसका साथै समाचार एवं सूचनाका अतिरिक्त साहित्य, कला र संस्कृतिको क्षेत्रमा पनि रेडियो नेपालले निकै महत्वपूर्ण योगदान गर्न सकेको देखिन्छ। रेडियो नेपालले आफ्नो प्रारम्भिक कालदेखि नै समाचार प्रसारणमा विविधता ल्याउनुका साथै कार्यक्रम निर्माणमा राम्रो प्रगति गरेको थियो । रेडियो नेपालबाट प्रसारण हुने रेडियो नाटकहरू निकै लोकप्रिय हुने गर्थ्यो । करिब-करिब शुन्यको स्थितिबाट आफ्नो प्रसारण प्रारम्भ गरेको रेडियो नेपालले स्थापनाको एक दशकभित्रै एउटा रेडियो केन्द्रका लागि चाहिने भौतिक साधन तथा जनशक्तिको जोहो गर्नुका साथै देशमा प्रजातान्त्रिक

* लेखक: रेडियो नेपालका पूर्व का.मु. कार्यकारी निर्देशक हुनुहुन्छ ।

समाजको निर्माण र विकासका लागि आम जनतामा सूचना वा जानकारी यथासमयमा सम्प्रेषण गर्ने उत्तरदायित्व उल्लेखनीय ढङ्गले निर्वाह गर्नुका साथै समाजमा चेतनाको स्तर वृद्धि गर्ने कार्यमा पनि उल्लेखनीय रूपले योगदान गरेको पाइन्छ ।

## कायक्रममा विविधता

२०१७ सालमा भएको राजनैतिक परिवर्तनपछि रेडियो नेपालको विकासक्रमले बाध्यतावश आफ्नो दिशा परिवर्तन गर्नु पर्‍यो । देशमा प्रजातान्त्रिक समाजको विकास र संवर्द्धनका लागि आवश्यक वस्तुगत तथा यथार्थवादी सूचनामूलक तथा शैक्षिक सामाग्रीहरू आमजनता समक्ष पस्किन कम्मर कसेको रेडियो नेपालले एकाएक "यू टर्न" गरी बहुदलीय प्रजातन्त्र देशकालागि अफाप सिद्ध भएको, राजनैतिक दलहरूले व्यक्तिगत स्वार्थका निमित्त देशलाई अधोगतितिर धकेल्न खोजेको जस्ता निहित उद्धेश्यले प्रेरित सूचना एवं सामाग्रीहरू सम्प्रेषण गर्न बाध्य हुनु पर्‍यो । तत्काल मुलुकमा लादीएको निर्दलीय पञ्चायती व्यवस्थालाई पक्षपोषण गर्ने किसिमका सामाग्रीहरू प्रसारण हुन थाले । यति हुँदाहुँदै पनि एउटा गतिशील संचार माध्यमको हैसियतले रेडियो नेपालले देशमा सामाजिक आर्थिक एवं सास्कृतिक रूपान्तरणका दिशामा यस अवधिमा पनि महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्षम भएको देखिन्छ ।

मुलुकमा पञ्चायती शासनको जगजगी भएकै वेलामा यसले आफ्नो भौतिक र प्रविधिक अवस्थामा उल्लेखनीय विकास तथा परिवर्तन गर्न सफल भएको हो । २५० वाटको सानो सर्टवेभ ट्रान्समिटर बाट दैनिक साढे चार घण्टाको प्रसारणबाट आफ्नो प्रसारण यात्रा शुरू गरेको रेडियो नेपालले पञ्चायती शासन व्यवस्थाको अन्ततिर आइपुग्दासम्म आफ्नो प्रसारण समय दैनिक झण्डै १४.५ घण्टा पुर्‍याएको थियो । यसै अवधिमा आफ्नो प्रसारण क्षमतालाई सर्टवेभमा राष्ट्रव्यापी तथा विदेशमा समेत सुन्न सकिने तुल्याउनका साथै देशका पाँचै विकास क्षेत्रमा मिडियम वेभको स्टेशनहरू स्थापना गरी रेडियो नेपालको प्रसारणलाई सबैतिर राम्रोसँग सुनिने, भरपर्दो र उच्च गुणस्तरको बनाउन सफल भएको थियो ।

आफ्नो प्रसारण सामाग्रीको गुणस्तर कायम गर्नका अतिरिक्त प्रसारित सामाग्रीमा विविधता ल्याउन पनि यो सक्षम भएको देखिन्छ । बालबालिका लगायत सबै उमेरका श्रोताहरूका लागि अलग-अलग कार्यक्रम निर्माणका अतिरिक्त महिलाहरूका लागि छुट्टै कार्यक्रम सञ्चालन गर्नु यसको अर्को महत्त्वपूर्ण पक्ष हो । त्यस्तै धार्मिक कार्यक्रम शिक्षा, स्वास्थ, कृषि, वन, पर्यटन, ग्रामीण विकास, विज्ञान तथा प्रविधि, मातृ-शिशु कल्याण, बैकिङ्गजस्ता विभिन्न क्षेत्रसँग सम्बद्ध शिक्षामूलक एवं सूचनामूलक कार्यक्रमहरूको निर्माण र प्रसारणबाट समाजका सबै तह वर्ग र तप्काका श्रोतालाई सेवा पुर्‍याउँदै भएको छ । राष्ट्रिय पर्वका अतिरिक्त देशमा कुनै महत्वपूर्ण घटना भएमा त्यसको प्रत्यक्ष प्रसारणद्वारा जनतालाई तत्काल सुसूचित गर्ने आफ्नो उत्तरदायित्वलाई रेडियो नेपालले सक्षमता पूर्वक निर्वाह गर्दै आएको छ । यस्तै हास्य प्रधान रेडियो कार्यक्रमको प्रसारण यसको अर्को उल्लेखनीय पक्ष हो । हालका चर्चित हास्य कलाकारहरू मदनकृष्ण र हरिवंशलाई हास्य-कलाकारका रूपमा आम जनता समक्ष चिनाउने कार्य पनि रेडियो नेपालले नै गरेको हो । विभिन्न राष्ट्रिय अवसरहरूमा लोकगीत, आधुनिकगीत एवं राष्ट्रियगीत प्रतियोगिताको आयोजना गरेर नेपाली गीत संगीतको उत्थान र जगेर्ना गर्ने कार्यमा पनि रेडियो नेपाल अग्रपंक्तिमा रहिआएको छ ।

२०४६ सालको ऐतिहासिक जन आन्दोलनपछि नेपालमा बहुदलीय प्रजातन्त्रको पुनस्थापना भयो । यस ऐतिहासिक परिवर्तनले अन्य क्षेत्रमा जस्तै प्रसारणको क्षेत्रमा पनि परि वर्तनको अपेक्षा गर्नु स्वाभाविक थियो। यसै अनुरूप २०४९ सालमा राष्ट्रिय संचार नीति तर्जुमा भई लागू पनि भयो। यसले रेडियो नेपालको व्यवस्थापकीय र संगठनात्मक स्वरूपमा कुनै परिवर्तन त ल्याउन सकेन तर निजी क्षेत्रमा एफ.एम. रेडियोको प्रसारणलाई भने बाटो खुला गरिदियो । यसले चारदशक लामो सरकारी एकाधिकारलाई त अन्त्य गऱ्यो, तर दुःखका साथ भन्नुपर्छ प्रसारणका क्षेत्रमा छाडा संस्कृतिलाई पनि बढावा दिएको आभास आम नागरिकले गरेका छन् ।

## सार्वजनिक प्रसारण संस्था

सन् ६० को दशकको अन्त्यतिर विकसित मुलुकका रेडियो प्रसारणहरू जो सरकारी स्वामित्वमा संचालित थिए-ले आफूलाई राज्य नियन्त्रित संस्थाको रूपमाभन्दा सार्वजनिक प्रसारण संस्था ९एगदष्अि द्धचयबमअबकतभच० को रूपमा चिनाउने अभियान प्रारम्भ गरे । सन् नब्बेको दशकको पूर्वार्धसम्म यस अवधारणाले क्षेत्रीय एवं अन्तर्राष्ट्रिय बैठक तथा छलफलहरूमा निकै स्थान पायो । बेलायतको बि.बि.सी. र जापानको एन. एच.के जस्ता संस्थाहरूले अझै पनि आफूलाई सार्वजनिक प्रसारण संस्थाको रूपमा दावी गर्छन् । सार्वजनिक प्रसारण संस्था भनेको जनताद्वारा नियन्त्रित र संचालित तथा जनताकै लागि प्रसारण गर्ने तर सरकार नियन्त्रित वा व्यापारिक उद्देश्यले प्रेरित नभएको संस्थाको रूपमा व्याख्या गरियो। सार्वजनिक प्रसारण संस्थाको मूल उद्देश्य आम जनातालई सुसूचित गर्नु, शिक्षित बनाउनु र केही हदसम्म मनोरञ्जन प्रदान गर्नु पनि हो। यस्ता संस्थाहरूमा कार्यक्रमहरूको विविधीकरण, बहुलवादी, समाचार प्रसारणमा सम्पादकीय स्वतन्त्रता, जनता (श्रोता) प्रति उत्तरदायी एवं पारदर्शिता तथा आवश्यक स्रोतको उपयुक्त व्यवस्था जस्ता कुराहरू सुनिश्चित गरिएका हुन्छन् । यस्ता संस्थाहरूले प्रजातन्त्रको संस्थागत विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछन् ।

रेडियो नेपालको अहिलेको अवस्थालाई विचार गर्ने हो भने यसलाई पूर्णतः सार्वजनिक प्रसारण संस्था भनिहाल्न सकिने स्थिति देखिन्न, किनभने यसको आम्दानीको मुख्य स्रोत नै अहिले व्यापारिक प्रसारण भएको छ। सरकारले पुराना उपकरणहरूको मर्मत सम्भार र बिजुलीको तिर्न मात्र केही अनुदान उपलव्ध गराउने गरेको छ। व्यवस्थापकीय दृष्टिले यो संस्था पूर्णतः सरकार नियन्त्रित संस्था हो ।

## अनिर्णयको बन्दी

शुरूको एक दशकसम्म आमजनतामा प्रजातन्त्रप्रति आस्था एवं विश्वास जगाउन सफल रेडियो नेपाल २०१७ सालको राजनैतिक परिवर्तनपछि करिब अढाई दशकसम्म एक सरकारी विभागको रूपमा पञ्चायती व्यवस्थाको पक्ष पोषणका लागि प्रयोग हुन गयो । दूरदृष्टिको अभाव भएका लहडबाजहरूको असान्दर्भिक निर्णयको फलस्वरूप २०४१ भाद्रदेखि यो विकास समिति ऐन (२०१३) अन्तर्गत संचालित छ। नीति निर्माण र व्यवस्थापन पक्ष पूर्णतः सरकारी नियन्त्रणमा रहेको भए तापनि आफनो दैनिक कार्य सञ्चालनका लागि समेत यसले व्यापारिक कार्यक्रमहरूमा निर्भर रहनु परेको छ ।

मुलुकमा लोकतन्त्र प्राप्तिपछि बनेको सरकारले मिडियाका समग्र क्षेत्रमा र खासगरी

संस्थागत पत्रकारिताको विकासको सन्दर्भमा भोग्नु परेका समस्याहरूको पहिचान गरी समाधानका लागि उपयुक्त र उपयोगी सुझाव दिन गठित उच्चस्तरीय मिडिया सुझाव आयोग, २०६३ ले लोकतान्त्रिक राज्य व्यवस्थामा सरकारी स्वामित्वमा कुनै पनि किसिमको प्रसारण माध्यम राख्नु उचित नहुने ठहर गर्दै नेपाल टेलिभिजन र रेडियो नेपाललाई सार्वजनिक सेवा प्रसारण (Public Service Broadcasting) को रूपमा सञ्चालन गर्न सिफारिश गरेको छ । आयोगले आफ्नो प्रतिवेदन बुझाई सकेपछि सूचना तथा सञ्चार मन्त्रालयले वद्री वहादुर कार्किको संयोजकत्वमा "सरकारी सञ्चार माध्यमहरूको पून: संरचना र स्वायतत्ता सम्बन्धी उच्चस्तरीय सुझाव कार्यदल २०६३" गठन गरेको थियो । उक्त कार्यदलले पनि आफ्नो सुझाव बुझाई सकेको छ । तर यी सुझावहरूमाथि कुनै कारवाही वा कार्यान्वयन भएको जानकारीमा आएको छैन । यसरी सरकारको पूर्ण स्वामित्वका सञ्चालनमा रहेको एउटा महत्वपूर्ण प्रसारण संस्था रेडियो नेपाललाई विकास समिति ऐन अन्तर्गतको एउटा म्यादी संगठनको स्वरूप दिएर दुई दशकभन्दा बढी अवधिसम्म न संस्थान न पूर्ण सरकारी अड्डाको स्थितिमा अनिर्णयको बन्दी बनाइराख्नु आफूलाई जनताको सच्चा प्रतिनिधि र लोकतन्त्रको पहरेदारको रूपमा दावी गर्ने सरकारका लागि सुहाउने विषय होइन ।

## उपसंहार

नेपालको प्रसारण एवं पत्रकारिताको इतिहासमा महत्वपूर्ण दायित्व निर्वाह गर्दै आएको एवं आम नेपालीका लागि अझै पनि विश्वसनीय र भरपर्दो सञ्चार माध्यम रेडियो नेपाललाई श्रोताप्रतिको आफ्नो जिम्मेवारी र उत्तरदायित्व निर्वाह गर्न यसलाई शीघ्रातिशीघ्र सार्वजनिक सेवा प्रसारण (Public Service Broadcasting) को रूपमा परिणत गर्नु एकमात्र उपयक्त विकल्प देखिन्छ । यसका निम्ति यस संस्थालाई व्यवस्थापिका (हालको अवस्थामा संविधान सभा) अन्तर्गतको सञ्चार क्षेत्र हेर्ने समितिप्रति उत्तरदायी बनाउने, यसको अध्यक्ष तथा संचालकहरू सोही समितिले यसको कार्यकारी निर्देशक प्रतिस्पर्धाको आधारमा नियुक्त गर्ने व्यवस्था तत्काल हुनु उपयुक्त देखिन्छ । संचालक समितिको नियुक्ति गर्ने तथा काम कर्तव्य र अधिकारहरू स्पष्ट रूपमा ऐनद्वारा व्यवस्था गर्ने तथा यस संस्थाको संचालन र विकासका लागि आवश्यक स्रोत जुटाउन देशभर का सबै रेडियो सेट प्रयोगकर्ताहरूबाट यस्तो यन्त्र प्रयोग गरेवापत निश्चित दरमा इजाजत शुल्कको व्यवस्था गर्नु राम्रो हुन्छ । यसो भएमा रेडियो नेपाल आजको जस्तो मन्त्रीमुखी अवस्थाबाट मुक्त भै साँच्चै रूपमा "जनताको रेडियो" बन्ने छ । त्यति मात्र होइन यो संस्थालाई "सरकारी, व्यापारिक वा सेवामुखी" कुन संस्था हो ? भन्ने हालको द्विविधाबाट पनि मुक्ति मिल्छ ।



tlnsf] yf]kf yf]kfhf]ufcf}+
OGwg vr{ 36fcf}+F

नेपाल आयल निगम लिमिटेड
फो.नं. २६२९७० फ्याक्स : २६३४७१

रेडियो नाटक

# "आखिर कहिलेसम्म"



*-दिपक समिर आचार्य**

**पात्रहरूः**

| | | | |
|---|---|---|---|
| १. मालती | (२३) | - प्रमुख पात्र | - होटल व्यावसायी |
| २. धन बहादुर | (३५) | - मालतीको श्रीमान | - ट्याक्सी चालक |
| ३. व्यक्ति -१ | (२५-३५) | - बाटोमा हिँड्ने व्यक्तिहरू | |
| ४. व्यक्ति -२ | (२५-३५) | - बाटोमा हिँड्ने व्यक्तिहरू | |
| ५. छिमेकी | (बालक १०-१२) | - मालतीको डेरा नजिकै बस्ने | |

| | | |
|---|---|---|
| विषय | : | लगातारको बन्द/हड्ताल र २ जनमानसमा यसको असर |
| अवधि | : | करिब २२-२५ मिनेट |
| लक्षित समूह | : | बन्द, हड्ताल कर्ता र तिनका सहयोगी |
| उद्देश्य | : | विरोधको शैली बन्द या हड्ताल नअपनाई अरू नै अपनाउन लक्षित समूहलाई प्रेरित गर्ने । |

१. **मालतीः** वि.सं. २०५० मा हाम्रो बिहे भयो । घरको आर्थिक स्थिति त्यति राम्रो नभएकाले हामी अर्थात म र मेरो श्रीमान् बिहे भएको १ वर्षपछि काठमाडौं आयौँ र पशुपति नजिकैको गौशालामा चिया होटेल चलाएर बस्न थाल्यौं । बिहानैदेखि बेलुकासम्म मेहनत गर्नु, ग्राहकको सेवा गर्नु हाम्रा दिनचर्या भए । चिया, मिठाई आदि हामीले होटेलमा राखेका थियौं । राम्रैसँग चलेको थियो होटेल । आफूले भाडा तिरेर, डेरा भाडा तिरेर घरमा पनि केही पैसा पठाउन सक्थ्यौँ हामी । दुवै जनामा उत्साह थियो र माया पनि । होटेल राखेको ६-७ महिनापछि मेरो श्रीमान्ले मसँग भन्नुभयो ।

**Flash Back**

२. **श्रीमान्ः** मालती यो होटेलमा हामी दुवैजना दिनभरि बसिरहनु पर्दैन । त्यसैले म चाहिँ अर्को कुनै काम गर्नुपर्ला जस्तो छ ।

३. **श्रीमतीः** कुरा त तपाइँको ठीकै हो । तर खै के काम गर्ने र ? भन्ने बित्तिकै के पाइएला र ?

४. **श्रीमान्ः** यसो विचार गर्दा ट्याक्सी सिक्नुपर्ला जस्तो छ । कसो होला ?

५. **श्रीमतीः** खै आफैं विचार गर्नु । मलाई के थाहा र ? हिजोआज ट्याक्सीमा त्यत्ति फाइदा छ जस्तो लाग्दैन । फेरि सधैंको बन्द र हड्ताल यस्तो छ ।

६. **श्रीमान्ः** त्यो त आफूमा पनि भरपर्छ नि ! मेहनत गऱ्यो भने फाइदा त भैहाल्छ नि !

* लेखकः रेडियो नाटकसँग सम्बन्धित रहँदै आउनुभएको छ ।

**Present Continue**

७. त्यसपछि उहाँले ट्याक्सी सिक्नुभयो र २ महिनापछि राम्रोसँग जान्ने हुनुभयो । लाइसेन्स निकाल्ने बित्तिकै ट्याक्सी पनि पाइयो । अनि उहाँ ट्याक्सी चलाउन थाल्नुभयो । होटेलमा म एक्लै भएर अलि गाह्रो भए पनि कमाइ बढेकामा सन्तुष्टि नै थियो । त्यसको २ वर्षपछि हाम्रो एउटा छोरा जन्मियो उहाँको नाम धनबहादुर र मेरो नाम मालतीका शुरूका अक्षर मिलाएर उसको माधव नाम राख्यौं । त्यसपछि बन्द र हड्तालले हाम्रा दुवै व्यवसाय प्रभावित बन्न थाले । ट्याक्सीमा पनि घाटा पर्न थाल्यो र होटेलमा पनि कमाइ हुन छाड्यो । यी पीडा बिर्सन उहाँ पिउन थाल्नुभो । शुरू शुरूमा त अलिअलि मात्रै पिउनु हुन्थ्यो । त्यसैले मैले त्यति वास्ता गरिन । तर पछिपछि मात्रा बढ्दै गएपछि एकदिन सम्झाएँ -

**Flash Back**

८. **श्रीमतीः** यसरी कतिदिन चल्छ हजुर ?

९. **श्रीमान्ः** चल्दैन थाहा छ मलाई । तर के गर्नु ? व्यापार नभएपछि दिक्क लाग्छ । फेरि कहिले एउटाले जाउँ भन्छ, कहिले अर्कोले भन्छ । कहिले आफैलाई मुड चल्छ ।

१०. **श्रीमतीः** नाफा नभए पनि पिउन त भएन नि । यो मात्रा बढ्दै गएर त्यसैले आफूलाई खायो भने नि ?

११. **श्रीमान्ः** त्यो त म पनि बुझ्छु नि ! त्यस्तो हुन त कहाँ दिन्छु र म ?

१२. **श्रीमतीः** भन्न त सबैले त्यसै भन्छन् । तर साँझ परेपछि बिर्सिन्छन् र पो ...............

१३. **श्रीमान्ः** (जिस्किदै) हस हजुर पुग्यो । यहाँको यो आदेश यो सेवकले अवश्य पालना गर्नेछ मालतीजी ।

१४. **श्रीमतीः** (लजाउँदै) हुँ ऽऽऽऽ जिस्कनु पर्ने ....

**Present Continue**

१५. कुरा त उहाँले मीठै गर्नु भो तर पिउन छोड्नु भएन । जत्तिपछि भयो, पिउने क्रम उत्ति बढ्दै गयो । सधैँ पिएर आउने र पैसा पनि नदिने गर्न थाल्नुभो । मैले होटेलको थोरै आम्दानीले गुजारा चलाउन थालेँ । छोरो बढ्दै थियो । खर्च बढ्दो थियो, आम्दानी घट्दो । पछिपछि त बन्दको दिनमा ट्याक्सी नचलेपछि उहाँ दिउँसै पनि पिउने गर्न थाल्नुभो । त्यसपछि पिएरै ट्याक्सी चलाउन थाल्नुभो । एकदिन ट्राफिकले जाँच गर्दा थाहा पाएर जेल पठाइदिएछ । भोलिपल्ट छुट्नु त भयो, तर साहुले ट्याक्सी भने खोसिदिए । नखोसुन पनि किन ? त्यसपछि त उहाँ स्वतन्त्र हुनुभयो र दिनभरि होटेलमा बसेर काउन्टरबाट पैसा झिक्दै, रक्सी खाँदै गर्न थाल्नुभो । त्यसपछि होटेलका ग्राहक झन् घट्न थाले । जुन स्वाभाविक थियो । पैसा जोगाएर छाक टार्न मलाई धौ-धौ पर्न थाल्यो । उहाँलाई पैसा देख्नै हुदैनथ्यो । आफूलाई भने होटेल राखेको कोठाको घर भाडा तिर्न, डेरा भाडा तिर्न, सधैँ आपत पर्थ्यो । घरमा पैसा पठाउनु त सपना मात्रै थियो । म साह्रै आपतमा परेँ त्यसवेला । गाउँ फर्कौं भने गाउँमा पनि त्यस्तै गर्नु भयो भने झन् बेइज्जत हुने डर थियो । फेरि पिएपछि उहाँ जोसँग पनि झगडा गर्नु हुन्थ्यो । डेरा वरिपरि होटेल वरिपरि उहाँले झगडा नगरेको मान्छे नै थिएन । चिन्नेहरूले पनि मेरो परिचय यसरी बदल्न थाले-

**Flash Back**

१६. व्यक्ति -१ : हैन त्यो मालतीको पसल हैन ?

१७. व्यक्ति -२ : अब त मालती हैन, जँड्याहा धनबहादुरकी श्रीमती भन्नुपर्छ । मालती भनेर भन्दा त्यसो भनेर बढीले चिन्छन् ।

**Present Continue**

१८. यस्तो हुँदा पनि उहाँलाई न घरको मतलब थियो न परिवारको, न इज्जतको । १-२ पटक डाक्टरकोमा लगेर पनि छुटाउने कोशिश गरेँ । धामी झाँक्री कहाँ पनि लगेँ तर सुधार भएन । १-२ दिन ठीक हुनुहुन्थ्यो फेरि उस्तै । एकदिन त यसरी हाम्रो झगडै पऱ्यो । कराइदिएँ मैले-

१९. **श्रीमती** : एकदिन हैन, दुइदिन हैन, गर्न खोज्या क ? कतिदिन चल्छ यसरी ? न आफू काम गर्नुछ, न अरूलाई गर्न दिनुछ । के बहुलाउन आँट्या ?

२०. **श्रीमान्** : मसँग किचकिच गर्ने हैन है भन्देको छु ।

२१. **श्रीमती** : त्यही त जँड्याहालाई जाँड रक्सी नखा भन्दा किचकिच भैहाल्छ नि । हैन अचम्म लाग्ने कुरा त यो हो कि, यसरी र क्सी धोक्नु पर्ने कारण चाहिँ के पऱ्यो ? कि कुनै पीर चिन्ता छ भने मसँग भन्नू ।

२२. **श्रीमान**: किचकिच नगर भनेको सुनिनस ? म खान्छु भनेपछि खान्छु-खान्छु । तेरो बाउको सम्पत्ति खाएको छु ?

२३. **श्रीमती** : (आवेशमा) कस्को सम्पत्ति खानुभएको छ त ? मैले दुनियाका जुठा भाँडा माझेर कमाएको पैसाले खानुछ, तेरो बाउको र साउको भन्ने ? मान्छे हो कि पशु हो तपाईं ?

२४. **श्रीमान्र** : बढी बोल्छेस् ? अहिले फेरि .....

२५. **श्रीमती** : के अहिले ?

२६. **श्रीमान्र** : (थप्पड हान्दै) यही .... थाहा पाइस् ?

**Present Continue**

२७. यसरी पछि त मलाई पिट्न पनि थाल्नु भो । म नै सहाराविहीन बनेर बाच्न थालेँ । सानो छोरो थियो, मर्नु पनि सकिन । आफूलाई सिंदुर हाल्ने श्रीमान्सँगै हुँदा मायाको त कुरै छोडौं, राम्रो व्यवहारसम्म पाइँदैन भने कत्ति दुःखद् बन्ला त्यो जिन्दगी ? छोराको मुख हेरेर बाँच्न थालेँ । दशैं आयो, घर जानुपऱ्यो तर गइनँ । एक त पैसा पनि थिएन अर्को कुरा उहाँको यो विजोग गाउँलेको अगाडि के देखाउनु जस्तो लाग्यो । दशैंभरि रोएरै बसेँ । तिहार पनि रोएरै बित्यो । अरूले चाड-बाड मनाउँथे । म भने जँड्याहा श्रीमान्को गाली र थप्पड खाएर बस्थेँ आँसु नै थियो त्यतिवेला मेरो सहारा । श्रीमान् राम्रो हुँदा, पैसा हुँदा आइरहने आफन्त पनि आउन छोडे । होटेलको हालत पनि दिन प्रतिदिन खराब बन्दै गयो । छाक टार्न पनि धौ-धौ पर्न थाल्यो मलाई । एकदिनको कुरा हो, बिहान उठेर म होटेल गएँ । छोरो पनि सँगै लान्थेँ, त्यो दिन पनि लिएर गएँ । श्रीमान् ढिलासम्म सुत्ने गर्नु हुन्थ्यो, त्यसैले बोलाउने गरेकी थिइन, त्यो दिन पनि बोलाइँन । होटेलमा पुगेर सफा गरेँ । चिया पकाउन थालेँ । १-२ जना ग्राहक पनि आए । छोरालाई चिया खुवाएँ, आफूले पनि खाएँ । दिउँसो तरकारी पकाउन चना केराउ ढड्याएँ । त्यही बेला मेरो डेरा नजिकै बस्ने एकजना सानो भाइ दौडिदै, हस्याङ फस्याङ गर्दै आयो र एकै श्वासमा भन्यो-

२८. "दिदी, दिदी, दाइले त रगत छादिरहनु भाछ ! रूदै तपाइँलाई बोलाउदै हुनुहुन्छ । छिटो हिड्नुस् न दिदी .......... ।"

**Present Continue**

२९. मेरो मुटुले ठाउँ छोड्यो त्यसपछि । जे जस्तो भए पनि श्रीमान् हो, माया त लागिहाल्छ । म दौडँदै डेरामा गएँ । देखेँ- उहाँ छट्पटाउँदै हुनुहुँदो रहेछ । सहारा खोज्दै मलाई हेर्न थाल्नुभो । बोल्न सक्नु भएन । हत्तपत्त हस्पिटल लान ट्याक्सी खोजेँ । तर त्यसदिन चक्काजाम रहेछ । त्यसैले साधन पाइएन । अनि वरिपरिकालाई गुहारेर बोकेरै शिक्षण अस्पताल महाराजगञ्ज लग्यौँ । आकस्मिक सेवामा त लगियो, तर निकै ढिला भैसकेको थियो । डाक्टरहरूले चारैतिरबाट घेरेर उपचार शुरू गरे । उहाँको अवस्था देख्दा आशा भने मर्न थालेको थियो । सम्भावित भविष्य अझै अध्याँरो देखेर म मर्माहित भएँ । त्यो, उमेरमै श्रीमान् गुमाउन पर्ने पीडाले म छट्पटाएँ । २-३ घण्टासम्म पनि कुनै सुधार आएन । होस भने गुमेको थिएन । इशाराले कपि, कलम माग्नु भयो मैले नर्सहरूसँग मागेर दिएँ । अनि बिस्तारै कामिरहेका हातहरूले अस्पष्ट अक्षरमा लेख्नुभयो -

**Flash Back**

३०. **धनबहादुर** : "मलाई माफ गर मालती । मैलै तिमीहरूलाई धेरै दुःख दिएँ । म अब सायद बाँच्दिन होला । छोरालाई राम्रोसँग पढाउनु ल !"

**Present Continue**

आँखाबाट निरन्तर आँसु बगिरहेको थियो । मैले सम्झाएँ -

**Flash Back**

३१. "भयो पहिलाको कुरा गरेर नरूनुस् । जे भयो-भयो । मुख्य कुरा निको हुनुपर्‍यो । तपाइँलाई केही हुँदैन ।"

**Present Continue**

३२. मलाई त्यसबेला उहाँको साह्रै माया लागेर आयो । आखिर जे गरे पनि मेरो सिउँदोमा सिन्दुर हाल्ने मान्छे हो जस्तो लाग्यो । फेरि उहाँले आफ्नो भूल स्वीकार गरिसक्नु भएको थियो । निको भएको खण्डमा अब त पिउनुहुन्न कि जस्तो लाग्यो । तर ....... तर निर्दयी कालको अगाडि मेरो प्रार्थना, माया, डाक्टर हरूको प्रयास, सबै कुराले हार खाए । अनि मेरो श्रीमान्ले यो संसारबाट विदा लिनुभो ।

**Music Effect**

मेरो सिउँदो पुछियो त्यसपछि, मेरा चुराहरू फुटे, पोते चुँडालियो । मेरो छोरो टुहुरो भयो । बिस्तारै आफन्त जम्मा भए । अनि आर्यघाट लगेर उहाँको दाहसंस्कार गरियो । आजसम्म म उहाँको स्मृतिलाई संगालेर त्यही होटेल चलाएर बसिरहेकी छु । हाम्रा नेपाली दाजुभाइले आफ्नो माग पूरा गर्न अपनाएको त्यो शैली बन्द र हड्ताल यसरी मेरो लागि अभिषाप भयो । हुन त त्यसैको कारण गलत बाटामा लाग्नु मेरो श्रीमान्को गल्ती थियो । तर यो सबै आँधीको मूल कारण त्यही त थियो । यदि ट्याक्सी सधैँ चलिरहेको भए मेरो श्रीमान्ले बिग्रने समय नै कहाँ पाउनु हुन्थ्यो र ? बन्द र हड्ताल गरेर रमाउने हाम्रा दाजुभाइ, दिदीबहिनीसँग मेरा केही प्रश्नहरू छन्-के अरू कुनै उपाय छैनन् विरोधका ? के त्यसको असर तपाइँहरू स्वयमलाई चाहिँ परेको छैन ? मेरो श्रीमान्जस्तो कति धनबहादुर र मजस्ता कति मालतीहरू यसको चपेटामा परेका छन्, कहिल्यै सोच्नुभएको छ ? यो आखिर कहिलेसम्म ? यसरी सधैंको बन्दैबन्दले कसरी नयाँ नेपाल बन्दछ ?

*(२०६५ फागुन ७ गते रेडियो नेपालबाट प्रसारित नाटक)*

# गणतन्त्र नेपालमा रेडियोको महत्त्व



*- नियाजुद्दीन मियाँ* *

मुलुकको वर्तमान राजनीतिक पृष्ठभूमिमा रेडियो, टेलिभिजन र अखबारको महत्त्वपूर्ण स्थान रहेको छ । किनभने सबै ठूला दलहरू र साना दलहरूले स्वतन्त्र प्रेसको प्रतिबद्धता जाहेर गरेको बेलामा यी माथि उल्लिखित सञ्चार माध्यमहरूको आ-आफ्नै महत्त्वपूर्ण स्थान रहेको छ ।

यसै परिप्रेक्ष्यमा रेडियोले अहम भूमिका निर्वाह गर्न सक्छ । यस्ता-यस्ता सन्देशमूलक कार्यक्रमहरू र समाचारको सम्प्रेषण गरेर देशमा विद्यमान आतंक र हत्या हिंसाको शृङ्खलामा कमी आउन सक्छ । हाम्रो देश गाउँ-गाउँले भरिएको देश हो । जहाँ वर्तमान युगको सशक्त माध्यम टेलिभिजनको पहुँच सबै वर्गसम्म पुग्न सकेको छैन । रेडियो भनेको सबैसँग उपलब्ध हुने सरल साधन हो । चाहे त्यो ठूलो रेडियो होस् वा साना-सानजा एफ्.एम्. रेडियो होस् । सबैले किन्न सक्ने क्षमताको छ । यो विद्युत मात्रै होइन बैटरीबाट पनि बज्न सक्छ । त्यसकारण रेडियोलाई सशक्त माध्यम बनाएर शान्तिका सन्देशहरू देशका सम्पूर्ण भागमा फिजाउनु पर्‍यो, जसको असल प्रभाव सबैमा परोस् ।

अब हामीले यहाँ यो मनन गर्नु जरूरी छ कि रेडियोमा कुन-कुन माध्यमबाट सन्देशहरू फिजाउनु सकिन्छ - गीतहरूबाट जस्तैः लोकगीत, राष्ट्रिय गीत, दोहरीगीत, सान्दर्भिक कार्यक्रमहरू जस्तैः समाचारमूलक कार्यक्रमहरू जुन रेडियो नेपाल र एफ्.एम्. रेडियोहरूबाट प्रसारण गरिन्छन् । त्यस्तै गरी लेखरचनाहरूसँग सम्बन्धित कार्यक्रमहरू सम्प्रेषण गरेर पनि भावनात्मक परिवर्तन गर्न सकिन्छ ।

वर्तमान सन्दर्भमा रोजगारीमूलक कार्यक्रमहरू-बाट पनि परिवर्तन गर्न सकिन्छ जस्तै - विदेशमा काम गर्न चाहने जनशक्तिलाई सम्बन्धित देशहरूको बारेमा रेडियोबाट जानकारी दिन सकिन्छ । जसबाट त्यहाँ गएर कोही पनि अलपत्र तथा ठगीमा नपरोस् हाल यस्ता कार्यक्रमहरू सम्प्रेषण गरेको पाइन्छ । जसबाट रेडियोको महत्त्व झनै बढेको छ ।

रेडियोबाट नेपाली, अंग्रेजीबाहेक अन्य भाषाहरूमा समाचार र कार्यक्रमहरू पनि प्रसारण हुने गर्दछ । रेडियो सशक्त संचार माध्यम हो । विभिन्न भाषाका समाचारहरू र कार्यक्रमहरूबाट पनि ठाउँ-ठाउँमा रहेका विद्रोही समूहहरूको भावनामा परिवर्तन ल्याउन सकिन्छ ।

देशमा निरंकुश राजतन्त्रको समाप्तिपछि जनताको गणतन्त्रात्मक सरकार आएर संविधान निर्माणको यस महान् कार्यमा पनि रेडियोको महत्त्वपूर्ण भूमिका रहेको छ । संविधान निर्माण सम्बन्धी कार्यक्रमहरूबाट जनमत थाहा पाउन सकिन्छ । जनतालाई यससम्बन्धी कार्यक्रमहरूबाट संविधानसभा र संविधान निर्माण सम्बन्धी हरेक पक्षलाई सुसूचित गर्नमा रेडियोले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ ।

* लेखकः रेडियो नेपालका उर्दू समाचारवाचक हुनुहुन्छ ।

हाम्रो देश जलविद्युतमा धनी कहलाए पनि दक्ष जनशक्ति र राम्रा योजनाहरूको अभावमा लोड शेडिङ्गको मार सहनु परेको छ । यस्तो बेलामा रेडियोले महत्त्वपूर्ण भूमिका खेल्न सक्दछ । किनभने रेडियो बैटरीबाट पनि बज्न सक्छ । रेडियो बन्द हुँदैन । दिनभरि सुन्न सकिन्छ । यसले लोडशेडिङ्गको बेला मनोरंजन मात्रै होइन, सान्दर्भिक कार्यक्रमहरू प्रसारण गरेर टेलिभिजन र अखबारको अभाव थेग्न सक्छ ।

वर्तमान युग मिडियाको युग हो । त्यसमा पनि नेपालजस्तो गरिब अर्थतन्त्र भएको देशमा रेडियोको आफ्नै स्थान रहेको छ । यसले सशक्त माध्यमको भूमिका खेल्न सक्छ भन्ने आशा गर्न सकिन्छ ।

यस सन्दर्भमा देशको अगुवा प्रसारण संस्था रेडियो नेपालले महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ र आउने छ । यसमा हाल समाचारमूलक कार्यक्रमहरू, रोजगारीमूलक कार्यक्रमहरू र मनोरजनात्मक कार्यक्रमहरू प्रसारण हुँदै आइरहेको छ ।

वर्तमान विद्युतको संकट झेलिरहेको बेलामा रेडियो नेपालले आफ्नो क्षमताले भ्याएसम्म कार्यक्रमहरू प्रसारण गर्दै आइरहेको छ र यसलाई अझ समय सापेक्ष बनाउनु आजको नितान्त आवश्यकता हो ।


**आफू तथा आफ्ना बालबच्चाको उज्ज्वल भविष्यका लागि जीवन बीमा गर्नुहोस् ।**
**साथै अग्नि, मोटर, व्यक्तिगत दर्घटना, सामुद्रिक यात्रु बीमा तथा औषधोपचार**
**जस्ता विभिन्न प्रकारका दुर्घटनबाट**
**हुने क्षतिपूर्ति पाउनेआफ्नो धनसमपत्तिको**
**बीमा गरी निश्चिन्त हुनुहोस् ।**

**बीमा क्षेत्रको विश्वसनीय नाम**

**राष्ट्रिय बिमा संस्थान**

रा.वि.स. भवन, रामशाहपथ, पत्र मञ्जुषा ५२७, काठमाडों, नेपाल
तार बीमा फ्याक्स : ००९७७-१-४२६२६१०
फोन: ४२६२५२० (हन्टिङ लाइन), ४२६२५६४ (अध्यक्ष तथा प्रशासक)
इमेल: beema@wlink.com.np

# रेडियो नेपालः विगत, वर्तमान र भावी कार्यदिशा



– *तपानाथ शुक्ल**

राणाशाही विरूद्ध २००७ सालको आन्दोलनताका नेपाली आकाशमा नेपालबाट प्रसारित रेडियो तरंगहरू मुक्तिसेनाको उत्साह संवर्द्धनमा प्रयोग भए र प्रजातान्त्रिक सन्तानका रूपमा रेडियो नेपालको जन्म भयो । राष्ट्र भाषामा प्रसारण हुने यस रेडियोको अन्य कुनै विकल्प थिएन त्यसताका । देशवासीलाई सूचना, शिक्षा र मनोरंजन दिने अभिप्रायले सरकारले पनि यसको विकासमा यथेष्ठ रूचि लियो र २५० वाटबाट सुरू भएको रेडियो प्रसारण १०० किलोवाटसम्म पुग्यो । रेडियो नेपालको प्रसारणबाट कुनै नेपाली वंचित नरहुन भन्ने उद्देश्यले यसले शर्टवेभमा पनि प्रसारण शुरू गऱ्यो । नेपालको विकास केन्द्रबाट मात्र सम्भव छैन भन्ने भावनात्मक उद्देश्यले विकेन्द्रीकरणको सिद्धान्त अवलम्बन गरियो र नेपाललाई पाँच विकास क्षेत्रमा बाँडियो । विकासको यो सिद्धान्त रेडियो नेपालको प्रसारणमा पनि लागू भयो र काठमाडौं केन्द्रित प्रसारण पाँचै विकास क्षेत्रबाट हुन थाल्यो । फलतः स्थानीय जनताले आफ्नो आवश्यकता, चाहना र रूचिका कार्यक्रम पाउन थाले र रेडियो नेपालको लोकप्रियता बढ्दै गयो । रेडियो नेपालको लोकप्रियता शासक वर्गको आँखाबाट टाढिन सकेन र नेपालको कुना-कन्दरासम्म सजिलै पुग्न सक्ने यस प्रसारण माध्यम जनताको सेवाभन्दा शासकवर्गको सेवामा बढी समर्पित हुँदै गयो ।

२०४६ सालको जन-आन्दोलनले देशमा नवजागरण ल्यायो । शासकीय व्यवस्था र पद्धतिमा आमूल परिवर्तन भयो । यसबाट रेडियो नेपालले पनि सुखानुभूति गऱ्यो र परिवर्तित परिस्थितिमा आफूलाई परिवर्तन गर्न प्रयास पनि गऱ्यो । प्रजातन्त्रको अभ्युदयसँगै जनताको अपेक्षा पनि बढ्यो तर रेडियो नेपालमा व्याप्त नोकरशाहीले रेडियो नेपाललाई जनताको सेवाभन्दा शासकवर्गको सेवामा प्रयोग गर्नेतिर शासकवर्गलाई उक्सायो । आफ्नो गुणगान कस्ले चाहँदैन र ? रेडियो तरंगलाई आफ्नो स्वार्थमा प्रयोग गर्न पाए कस्ले गर्दैन र ? रेडियो नेपाल, सार्वजनिक सेवा प्रसारण माध्यममा परिवर्तित हुनुपर्नेमा विस्तारै राज्य नियन्त्रित प्रसारण माध्यमको रूपमा पुनः देखा पर्न थाल्यो । प्रतिपक्षको आलोचना र शासकीय दलको गुणगान नै रेडियो नेपालको पर्याय बन्यो । आफ्नो आलोचना सुन्न नचाहने शासकवर्गले आफ्नो अनुकूलको व्यक्तिलाई रेडियो नेपालको जिम्मेवारी दिन थाल्यो र यस माध्यमलाई आफ्नो राजनीतिक स्वार्थमा प्रयोग गर्न थाल्यो । रेडियो नेपालको एकपक्षीय प्रसारण विरूद्ध सचेत नागरिकले आवाज उठाउन थाले र रेडियो नेपालको लोकप्रियतामा क्रमिक ह्रास आउन थाल्यो र शुरू भयो रेडियो नेपालको विकल्प खोज्ने अभियान ।

परिवर्तित परिस्थितिमा देशको सञ्चार नीति कस्तो हुने ? सञ्चार माध्यमसम्म जनताको पहुँच

---

* लेखकः रेडियो नेपालका पूर्व कार्यकारी निर्देशक हुनुहुन्छ ।

कसरी पुऱ्याउने ? यस सम्बन्धमा आवश्यक नीति तयार गर्न नेपाली कांग्रेसका नेता नरहरी आचार्यको संयोजकत्वमा प्रतिपक्षलाई समेत समावेश गरी एउटा कार्यदल बन्यो । त्यस कार्यदलको एउटा सदस्यको रूपमा म पनि थिएँ । लामो छलफल र गृहकार्यको फलस्वरूप: त्यस कार्यदलले रेडियो नेपाल र नेपाल टेलिभिजनको प्रसारणमा निजी क्षेत्रलाई पनि सहभागी गराउने हेतुले निजीक्षेत्रलाई समय उपलब्ध गराउने सुझाव सरकारलाई दियो । त्यसताका रेडियो नेपालले आफ्नो एफ्. एम्. सेवा शुरू गरिसकेको थियो । रेडियो नेपालका कर्मचार ीको भरमा चलेको यस एफ्.एम् ले निजीक्षेत्रलाई समय उपलब्ध गरायो । यस प्रयोगबाट रेडियो नेपाल त लाभान्वित भयो भयो, श्रोताले नयाँ स्वादको रसास्वादन गर्न पाए र निजीक्षेत्रले रेडियो प्रसारणको प्राम्भिक अनुभव बटुल्न पायो । संचार क्षेत्रमा सरकारले अवलम्बन गरेको लचिलो नीतिको परिणामस्वरूप निजीक्षेत्रको लगानीमा प्रसारण माध्यम धमाधम खुल्न थाले । जनताको चाहना र रूचिलाई सर्वाधिक प्राथमिकता दिर्य प्रसारण भएका यस्ता रेडियोहरूको लोकप्रियता दिनानुदिन बढ्न थाल्यो तर रेडियो नेपालको आफ्नै नीतिका कारण यो माध्यम विस्तारै जनताबाट टाढिन थाल्यो ।

उच्चस्तरीय प्राविधिक सुविधा र दक्ष जनशक्तिबाट सुसज्जित रेडियो नेपाल, नोकर शाहीबाट माथि हिजो पनि उठ्न सकेन र आज पनि । अहिले रेडियो नेपालले भोगिरहेको आर्थिक संकट यसै नीतिको परिणाम हो ।

निजीक्षेत्रको विकासमा रेडियो नेपालको योगदान प्रशंसनीय छ । कान्तिपुर एफ्.एम्., क्लासिक एफ्.एम्., इमेज एफ्.एम्. इत्यादि । प्रसारण संस्थाहरूले प्रसारणको प्रारम्भिक ज्ञान रेडियो नेपालबाट नै पाएका हुन् । रेडियो उपकरणको चयन, संचालन तथा जडानमा आज पनि रेडियो नेपालका कर्मचारीहरू नै अग्रणी स्थानमा छन् । निजीक्षेत्रका लोकप्रिय कार्यक्रम प्रस्तोताहरूले पनि रेडियो नेपालबाट नै कार्यक्रम संचालन गर्न सिकेका हुन् र सबै रेडियोहरूको कार्यक्रमको प्रारूप पनि रेडियो नेपालको शैलीमा नै छ । अन्तमा प्रश्न उठ्छ, यी सबै विशेषता हुँदा-हुँदै आखिर किन रेडियो नेपाल लोकप्रियताको सिँढीबाट तल झर्दैछ ? मेरो विचारमा रेडियो नेपालको कार्यशैली र शासकीय दृष्टिकोण कै दोष हो ।

रेडियो नेपाल जनताको रेडियोका रूपमा संचालन हुनुपर्दछ, त्यहाँ कार्यरत प्रस्तोताले आफ्नो रूचि अनुकूल होइन, श्रोताको रूचि अनुरूप कार्यक्रम संचालन गर्नुपर्दछ र सरकारले रेडियो नेपाललाई नियन्त्रण होइन, स्वायत्तता दिनु पर्दछ । नीति-निर्माण तहमा आफ्नो मान्छे होइन, राम्रो र सक्षम मान्छेको नियुक्तिले नै रेडियो नेपाललाई दिशा निर्देश गर्न सक्दछ । अर्बौंको लगानी भएको रेडियो नेपाललाई विकास र प्रजातन्त्रको संभावनाहरूका रूपमा उपयोग गर्नु आजको आवश्यकता हो, यतातिर सबैको दृष्टि जाओस् ।

u

## जानिराख्नुपर्ने कुरा

प्रत्येक ऋतुको आ-आफ्नो रङ हुन्छ । शास्त्रीयताका आधारमा ऋतु-रङको बोध भएका कुलीन परिवारका मानिसहरू ऋतुअनुसारको रङ रोजेर कपडा पहिरने गर्छन् । छओटा ऋतुका रङ यसप्रकार निर्धारण गरिएको पाइन्छ -

| | | |
|---|---|---|
| १. वसन्त | : | पहेँलो |
| २. ग्रीष्म | : | रातो (सिन्दुर रङ) |
| ३. वर्षा | : | हरियो (सुगा रङ) |
| ४. शरद | : | सेतो |
| ५. हेमन्त | : | हल्का नीलो (मसी) |
| ६. शिशिर | : | फिका नीलो (आकासे) |

# रेडियो नेपालका केही चर्चित, केही विस्मृत गीतहरू



-बुलु मुकारूङ*

नेपाली आधुनिक सङ्गीतको उठानले एकसय वर्षको अवधि पूरा गरिसकेको छ। नेपाली आधुनिक गीत-सङ्गीत र गायन परम्परालाई विकासको चरम उत्कर्षमा पुऱ्याउन जति योगदान कल्कत्ते रेकर्ड कम्पनीको रहेको छ, त्यतिनै ठूलो योगदान रेडियो नेपालको पनि रहेको छ। ग्रामोफोन रेकर्ड प्लेयरको पहुँच नभएको स्थान, व्यक्ति वा समाजमा रेडियो नेपालको स्थापना र प्रसारणको क्रमिक विकासले नेपाली गीत-गायनलाई अगाडि बढाउने जुन जमर्कोको, जिम्मेवारी अनि महत्वपूर्ण भूमिका खेलेको छ त्यो अविष्मरणीय रहेको छ । नेपाली आधुनिक गीत-गायनको अगुवाइ रेडियो नेपालबाटै भएको हो भन्दा अत्युक्ति हुँदैन ।

सातसाल चैत २० गते रेडियो नेपालको विधिवत् स्थापना भए तापनि नेपाली गीत-सङ्गीत रेकर्डिङको चाँजोपाँजो भने त्यसैबेला हुनसकेन । केही हिन्दी-उर्दू गीत र केही प्रत्यक्ष गायनको नेपाली गलाको प्रसारण भने त्यसैदिनदेखि भएको मानिन्छ। प्रत्यक्ष गायनमा सहभागी साधकहरुमध्ये क्रमश: रत्नदासप्रकाश, हरिप्रसाद रिमाल, नातिकाजी, धर्मराज थापा, उही गोबिन्दबहादुर गुरूङ, कोइलीदेवी, शिवशंकर, हरिबहादुर रन्जीतकार, पन्नाकाजी, ज्ञानबहादुर, पुष्प नेपाली हुँदै प्रेमध्वज प्रधान, तारादेवी, फत्तेमान आदि उल्लेखनीय रहेका देखिन्छन् । प्रत्यक्ष गीत-गायन प्रसारणको क्रम सातसालदेखि करिब १२-१६ सालसम्म रहेको पाइन्छ । त्यसबीचमा अन्य धेरै सुरकर्मीहरुले पनि आ-आफ्ना गायनकला प्रस्तुत गरेका थिए । जुन सुरकर्मीहरुको गायन अभिलेख हाल विस्मृतिमा पुगिसकेको देखिन्छ । अहिले प्रसारणकै क्रममा गायन-वादन पनि गरिन्थ्यो भन्दा अचम्ममा पर्ने स्थिति पनि बनिसकेको पाइन्छ ।

भनिन्छ १६ सालपछि प्रत्यक्ष गायन हुन छाडेर स्पुल रेकर्ड सुरू भएको थियो। तर शास्त्रीय गायन तथा वादन भने प्रत्यक्ष प्रसारणबाटै धेरै पछिसम्म रहेको पाइन्छ। स्पुल रेकर्डिङ हुन थालेपछि गीत-गायनमा नेपाली सुरकर्मीहरुको सघनता बढ्न थालेको देखिन्छ। नेपाल तथा नेपाल बाहिरका सुर कर्मीहरुको पनि बाक्लै उपस्थिति अनि आकर्षण र हन गएको देखिन्छ । यस क्रममा अम्बर गुरूङ, नारायणगोपाल, गोपाल योञ्जन, अरूण लामा, अशोक राई, बच्चुकैलाश, दीप श्रेष्ठ, भक्तराज आचार्य, योगेश बैद्य, हिरादेवी वाइबा, दिलमाया, मीरा राणा, रसिक-भोजपुरे, उर्मिला-निर्मला, सी.के.र साइली आदि सङ्गीतकर्मीले रेडियो नेपाललाई नै आफ्नो विकसित पहिलो प्लेटफर्मका रूपमा प्रयुक्त गरेको देखिन्छ ।

* लेखक: रेडियो नेपालका सङ्गीत संयोजक अनि पूर्वप्राज्ञ पनि हुनुहुन्छ ।

हुन त सेतुराम, मित्रसेन तथा मेलवादेवी जस्ता आरम्भकालीन अग्रज गायनकर्मीहरुका डिष्करेकर्डमा रहेका गीतहरु रेडियो नेपालबाट प्रसारणमा यसअघिनै आइसकेका थिए । यसैगरी हिनादेवी, मिस पारूल बाला, खेम चन्द, मास्टर पूर्णमान, मिस प्रभा, मिस दुलारी, मानवीर राना, मिस पाताल चाइना, तारा बाई, जितु सिंह आदि कलाकारहरुका डिष्क रेकर्डमा भरिएका गीतहरु पनि रेडियो नेपालबाट प्रसारणमा आइसकेका थिए । उल्लिखित गायक-गायिकामध्ये मास्टर मित्रसेन नै चर्चित गायक मान्न सकिन्छ । उनले गएका गीतहरुमध्ये 'मलाई खुत्रुक्कै पाऱ्यो जेठान तिम्रो बैनीले', 'धानको बाला झुल्यो हजुर देशै रमाइलो', 'लाहुरेको रेलिमाई फेसनै राम्रो' आदि बहुप्रचारित गीतहरु हुन् ।

रेडियो नेपालबाटै रेकर्ड भई प्रकारणमा आएका गीतहरुमध्ये नारायणगोपालद्वारा गाइएका आधुनिक गीतहरु नै सर्वाधिक चर्चित मानिन्छन् । लोकप्रियताका हिसाबले पनि उनी पहिलो स्थितिमै देखिन्छन् । त्यसपछि क्रमशः अन्य कलाकर्मीहरु पनि लोकप्रियताको सिँढीमा उक्लिन सफल भएका छन् । तर घुमौरो-मधुरो विस्मृतिमा रहेका केही सुरकर्मीहरु पनि छन् जो व्यक्तिभन्दा पनि गीत चर्चित रहेको र स्वयं गायक व्यक्ति बिर्सिरहेको, हराइरहेको पनि देखिन्छ ।

***आकाशै राम्रो ताराले धरती राम्रो तोरीको फूलले***

***के माया लाउनु भन्छ्यौं साउनीकी छोरीले ।***

माथि उल्लिखित गीत रेडियो नेपालको पुरानो स्टुडियोमा २०३० साल कार्तिक ५ गते रेकर्ड भएको हो । यसका मूल स्रष्टा-गायक उपेन्द्र कार्की हुन् । तीसको दशकमा ज्यादै चर्चित रहेको यो गीत युवा वर्गले सर्वाधिक मन पराएका थिए । हाल गायक कार्की गीत-सङ्गीत क्षेत्रबाट टाढा देखिन्छन् ।

***नाचूँ नाचूँ लाग्छ हजुर बिन्द्रावनमा हरा***

***बोलूँ बोलूँ लाग्छ प्रभु बनि वनको चरा ।***

यो गीत २०३० साल चैत ३० गते रेडियो नेपालमा रेकर्ड भएको देखिन्छ भने यस गीतका स्रष्टा लक्ष्मीप्रसाद देवकोटा हुन् । यस गीत मञ्जुल, रामेश र अरिमले गाएका हुन् । रामेश, रायन आदि ओखलढुंगे कलाकारहरुको रेडियो नेपाल प्रवेश २०१८-१९ सालपछिदेखिनै रहेको देखिन्छ ।

***सान्नानीको गालैमा कालो कोठी रै'छ***

***नजर नै तिर्मिर गराउने ।***

२०३० साल असोज १५ गते रेकर्ड भएको यस गीतका स्रष्टा-कलाकारहरु नातिकाजी, फत्तेमान र सहदेव राणा हुन् । तीसको दशकमा यो गीत निक्कै चर्चामा रहेको देखिन्छ ।

***हर रात मेरा निदहरु चिसो बतासले उडाइ लान्छ***

***बिहानी पखको मिर्मिरेले मलाई नै बिउँझाई दिन्छ ।***

२०३० सालमै रेकर्ड भएको अर्को गीत हो यो पनि । यस गीतका स्रष्टा गोविन्द कटुवाल, सङ्गीत सर्जक दीप श्रेष्ठ र गायिका राधा मानन्धर हुन् । गायिका मानन्धर पनि गीत-सङ्गीत क्षेत्रबाट ओझेल परिसकेका देखिन्छन् ।

***मै छोरी सुन्दरी कसरी भरौं पानी***

***उठीउठी भरौं भने कम्बर दुख्ने बानी ।***

यो गीत २०३१ साउन ३० गते रेडियो नेपालमा रेकर्ड भएको हो । यस गीतका स्रष्टा कुमारी प्रधान र गायिका भारती उपाध्याय हुन् । गायिका उपाध्यायको साङ्गीतिक जीवन पनि यही गीतबाट उठेको देखिन्छ । यस गीतलाई हिजोआज रिमेक-रिमिक्स गरी बहुप्रचारित गरिए तापनि मुख्य गायिका भने ओझेलमै परेको देखिन्छ ।

***चैत जाँदो वैशाख लाग्दो***

***सुन हजुर सालको पात पलायो***

***भोकलाई छैन निन्द्रालाई छैन***

***सुन हजुर के भयो मलाई यो ?***

२०३० साल मंसिर २० गते रेडियो नेपालमा रेकर्ड भएको यस गीतका मूलस्रष्टा नवीनकिशोर राई हुन् भने यस गीतलाई मिठो गायन प्रदान गर्ने गायिकाद्वय भुवन थापा (चन्द) तथा सुभद्रा अधिकारी हुन् । गायिका भुवन 'आमा' चलचित्रकी नायिका हुन् साथै सुभद्रा कुशल नृत्यकार अनि अभिनेत्री पनि हुन् ।

***म त खाँदिन कुवाको पानी***

***हो, मलाई लैजाउन छहरे छाँगैमा ।***

२०३१ साल कार्तिक २ गते रेकर्ड भएको उल्लिखित गीतको मुख्य स्रष्टा अभिलेखमा देखिँदैन । तर संकलक भनी कालीबहादुर गण लेखिएको देखिन्छ । जुन गीतबाट गायिका तीर्थकुमारी चर्चित र लोकप्रिय बन्ने मौका पाइन् । नेपाली सैनिकको नाचगानमा पहिलानै प्रयोग भइआएको गीतलाई पछि रेकर्ड गरिएको अनुमान लगाउन सकिन्छ ।

***च्यानाकुल्टुङ च्यानाकुल्टुङ झ्याँईं गर्ने बाजा***

***मन परेको माया पाएँ आज ।***

यो गीत २०३१ कार्तिक १६ गते रेकर्ड गरिएको देखिन्छ । यस गीतका स्रष्टा-गायक लालबहादुर खाती र तीर्थकुमारी हुन् । गायक लालबहादुर खाती नेपाली गीत-गायनबाट धेरै टाढा भइसकेका छन् । कुनै समय उनका गीतले नेपाली कुनाकन्दरा सबैतिर छाएको पाइन्थ्यो । 'ढुंगे बगर माया ढुंगे बगर', 'ए दिदी पोइ पऱ्यो काले' आदि उनका चर्चित गीतहरु हुन् ।

***रेशम फिरिरी रेशम फिरिरी***

***उडेर जाउँकी डाँडामा भञ्ज्याङ***

***रेशम फिरिरी .......।***

२०३३ जेठ १५ गते रेडियो नेपालमा रेकर्ड भएको माथि उल्लिखित गीत विश्व चर्चित नेपाली गीत नै हो भन्दा फरक पर्दैन । देशविदेशबाट नेपाल आउने पर्यटक जो कोहीले पनि यस गीतलाई सरक्कै अनि मिठासपूर्ण किसिमले गाउने गरेको पाइन्छ । यसअर्थमा पनि यस गीतलाई विश्व चर्चित नेपाली गीतका रूपमा लिन सकिन्छ । यस गीतका मूल स्रष्टा बुद्धि परियार हुन् । यस गीतलाई सुन्दर श्रेष्ठ (जो रेडियो नेपालमा लामो समय मादल वादकका रूपमा पनि कार्यरत थिए) तथा साथीहरुले गाएका हुन् । यस गीतलाई दुई खाले लय-तरजमा गाउने गरिन्छ । दोस्रो किसिमको भाका सन्तोष बस्नेत, तीर्थकुमारी आदिले गाएको देखिन्छ ।

***सालको पात टपरी गाँसेर***
***धेर भो माया जाउँ डाँडा काटेर***
***पानी तालैमा ......।***

२०३३ जेठ १५ गते नै रेडियो नेपालमा रेकर्ड भएको अर्को लोकप्रिय गीतको गायिका उमा गुरूङ हुन् । यस गीतका स्रष्टा राजु सिलवाल हुन् । उनी नेपाल टेलिभिजनको समाचार शाखामा कार्यरत रहेका छन् । गायिका गुरूङले करिब आठ-नौ वर्षको उमेरमै यो गीत गाएकी हुन् । सानै उमेर मा चर्चाको शिखरमा चढे पनि गायिका गुरूङले गायनकलालाई निरन्तरता भने दिन नसकेको देखिन्छ ।

***खुट्टामा निल परे पर्ला***
***झ्याउरे म ननाची छोड्दिनँ ।***

२०३३ भदौ २४ गते रेकर्ड गरिएको यस गीतका मूलस्रष्टा गोपाल योञ्जन हुन् । त्यसैगरी गायक सरोजगोपाल अनि गायिका तारा थापा हुन् । गायक सरोजगोपालका अन्य चर्चित गीतहरु 'देउराली उकाली चढेर', 'नक्कलेलाई भगाई लग्यो झिल्केले' आदि हुन् ।

रेडियो नेपालबाटै गायनमा लोकप्रिय भएका अघिल्ला पुस्ताका सुरकर्मीहरुमा लक्ष्मी जोशी, गणेश खुँजेली त्यस्तै गरेर ओमविक्रम विष्ट, शंभुजीत बास्कोटा, अरूण थापा, दीपक जंगम, दीपक खरेल, प्रकाश श्रेष्ठ, राम थापा, रविन शर्मा, सुक्मीत गुरूङ, कृष्णबिक्रम थापा, पाण्डब सुनुवार, मानसिंह थुलुङ, उषाकिरण अधिकारी, कुबेर राई त्यसैगरी डेजी बराइली, कुन्ती मोक्तान, सुरेन्द्र मुखिया, ठूले राई, उदय सोताङ, मनिला सोताङ, शंभु राई, रामकृष्ण ढकाल, एम बराल, राजेशपायल राई, अञ्जु पन्त, सत्य-स्वरूपराज आचार्य, भीषण मुकारूङ, जगदीश हमाल, रोशन गुरूङ, आभा मुकारूङ, गणेश पराजुली, यसोदा पराजुली, अञ्जना गुरूङ, प्रेमराजा महत, कोमल वली, लरेटो सिंह, पार्वती राई आदि देखिन्छन् ।

यसकिसिमका अनेकन् नेपाली सुरकर्मीहरु चर्चित तथा लोकप्रिय गीतहरु रेडियो नेपालले रेकर्ड गरी श्रोता सामु पुर्‍याएको देखिन्छ । साथै देशीविदेशी गायक/गायिकाहरुले पनि नेपाली गीत-सङ्गीतमा सहभागिता जनाएका यथेष्ट प्रमाण पनि भेटिन्छन् । जुन-जसको लेखोटको क्रमिक अभिलेखन गर्न सकिएको छैन । तथापि, ती गीतहरु अहिले नेपाली जनमनको ढुक्ढुकीबाट हराइसकेको भने पाइँदैन ।

कतिपय पुराना सदाबहार तथा कालजयी आधुनिक नेपाली गीतहरु रेकर्ड गर्ने र प्रसारणमा ल्याउने कार्य पनि रेडियो नेपालबाट नभएको होइन । तर हिजोआज श्रवण-सम्वेदनासँगभन्दा अनेक दृष्य-परिदृष्य भएका र गोलमटोल गरी बनाइएका हेर्ने गीतहरुको बर्चस्व अनि प्राथमिकताको पहिलो सूची पाउन थालेकाले पनि रेडियो नेपालद्वारा रेकर्ड गरिएका अजम्बरी गीतहरु ओझेल परेका देखिन्छन् । रेडियो नेपाल स्वयं संस्थाले रेकर्ड गरेका यी अमूल्य गीत-सङ्गीतको संरक्षणमा चासो र आफ्ना साङ्गीतिक सम्पत्तिको विषयमा चर्च-परिचर्चा आफ्नै संस्थाबाट हुन नसक्नाले पनि यसप्रकार कालजयी नेपाली गीतहरु हेर्ने गीतका अगाडि अन्यायमा परे जस्तो भएकाछन् ।

---

**स्रोत** : क. म्यूजिक लाइब्रेरी, रेडियो नेपाल ।
ख. विभिन्न पुस्तक तथा पत्रिकाहरु ।

**रेडियो नेपालका लागि प्रसारण-प्रकाशन सामग्री पठाउन परेमा हाम्रो इमेल ठेगाना हो –**
program@radionepal.org

# 'पागल' कविताको विवेचना*

*- डा. कुमारबहादुर जोशी**

महाकवि लक्ष्मीप्रसाद देवकोटा खास गरेर माता-पिताको देहावसान (१९९१-९२), आर्थिक सङ्कट र अध्ययनका धपेडी आदिले गर्दा देवकोटाको मानसिकता खल्बलिएको बेलादेखि र अझ १९९५ सालको पौष महीनामा उनलाई राँची अस्पताल पुऱ्याएको समयदेखि यता उनका इष्टमित्र, साहित्यिक सार्थीहरू र राजनैतिक क्षेत्रका व्यक्तिहरूले पनि उनलाई बेला-बेलामा 'पागल' भनेर तिरस्कार गरेको तथा काम पर्दा उनीबाट खूब फाइदा उठाइए तापनि कुनै लाभको अवसर आउँदाखेरि भने उनलाई 'पागल' भनेर पन्छाइएको जस्ता घटनाहरूका पृष्ठभूमिमा तिनैको प्रतिक्रियास्वरूप तयार पारिएको तर जनकलाल शर्माका अनुसार भने भारतका महापण्डित राहुल साङ्कृत्यायनद्वारा लिखित तथा आजकल ९:१ (सन् १९५३ मई) मा प्रकाशित 'नेपाली महाकवि देवकोटा' शीर्षकको लेखमा उनलाई विक्षिप्त सम्झी घरका मानसिहरूले राँचीको पागलखानामा राखेर उपचार गराई फर्काएको कुरा लेखिएको पढेपछि देवकोटाले त्यसैको प्रतिक्रियास्वरूप रचेको[३५] अनि केशवराज 'पिडाली' का अनुसारचाहिं २००८ सालपछि गठित सल्लाहकार सभाका अध्यक्षको चुनाव हुने बेला प्रत्याशीका रूपा उभिएका देवकोटालाई तत्कालीन राजनैतिक पार्टीका मानिसहरूले उनका विरूद्ध घृणित प्रचार गर्नथालेपछि त्यसैबाट आहत भएर उनले लेखको[३६] कविता हो 'पागल' । जे होस, खासमाचाहिं पागलपनको आरोपबाट उत्प्रेरित वा उद्दीप्त महाकवि देवकोटाको एक अतिशय सशक्त गद्यकविता हो यो 'पागल' । पागलपनको आरोप सकारेजस्तो गरी पागल भन्ने लोकलाई नै वस्तुत: व्यङ्ग्य गर्दै र पागल सिद्ध गर्दै आफूलाई अपागल प्रमाणित गर्ने उनको कवितात्मक प्रयासका रूपमा रहेको प्रस्तुत कविताले जीवनीपरक स्पर्शसमेत प्राप्त गरेको छ ।



*महाकवि*

जम्मा ६ पङ्क्तिगुच्छा (पहिलो पंक्तिगुच्छामा २, दोस्रोमा १५, तेस्रोमा १९, चौथोमा २७, पाँचौंमा ६ र छैठौंमा वा अन्तिम पंक्तिगुच्छामा ४० गरी जम्मा १०९ पंक्ति) मा विभाजित प्रस्तुत गद्यकवितामा मध्यान्तानुप्रासीयता तथा मुक्तानुप्रासीयताका साथै सम-विषम आयतनका गद्यपंक्तिहरूको समृद्ध अन्तर्लयात्मक प्रयोग गरिएको पाइन्छ भने कतिपय

---

* लेखक: देवकोटाका विषयमा विद्यावारिधिको उपाधि प्राप्त गर्ने प्रथम व्यक्ति हुनुहुन्छ ।

* विवेचना: 'देवकोटाका प्रमुख कविता कृतिको कालक्रमिक विवेचना' बाट साभार ।

३५. जनकलाल शर्मा, "आजकल देवकोटाको हातमा", "दुर्वासा देवकोटा" तथा "पागल' को रचना र व्यक्तिगत आक्षेप", **महाकवि देवकोटा: एक व्यक्तित्व, दुई रचना**, पृ. ४२-५४ ।

३६. चूडामणि बन्धु, पूवर्वत्, पृ. ५३७ (अध्याय ६ को टिप्पणी)

पंक्तिहरूको थेगो जस्तो पुनरावृत्ति (मात्रिक छन्को असर) तथा भावको क्रमिक विकास र समुच्चयनमा अनुच्छेद- अनुच्छेद (पंक्तिगुच्छा-पक्तिगुच्छा) पछि दोहोरिने "जरूर साथी ! म पागल !, यस्तै छ मेरो हाल!" जस्ता पंक्तिका प्रयोगले यसको मूल कथ्यलाई तीव्रता प्रदान गरिएको अनुभव हुन्छ । सङ्गीतमय नव-नव पद-पदावलीयुक्त प्रवाहपूर्ण ओजस्वी भाषाशैलीलाई अँगालेर लेखिएको तथा वाग्वैदग्ध्यका साथै बिम्ब-वैचित्र्य र मनोरमताको मात्रा निकै पाइने प्रस्तुत कविता वस्तुत: कविको आत्मालापी कथन वा स्वागतकथनका रूपमा रहेको छ । गणितचेत, सामान्य-असामान्य मनोविज्ञानचेत, "प्रकृतितर्फ फर्क" को चेत तथा पूर्वीय-पाश्चात्य पुराकथात्मक सन्दर्भहरूबाट कविको अध्ययनको व्यापकता प्रकट गर्ने प्रस्तुत कविताको संरचनागत शिल्प-सौष्ठव र प्रविधि कौशलमा मुख्यतया व्यतिक्रम, वैपरीत्य र समानान्तरण-प्रक्रियाले औधी महत्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

साथीलाई सम्बोधन गर्दै वैयक्तिकताबाट शुरू गरिएको प्रस्तुत कविताको "म" पात्र कवि स्वयं हुन् अथवा कवि स्वयं नै यहाँ 'म' पात्रका रूपमा प्रकटित छन् भने उनका प्रतिस्पर्धी पात्रका रूपमा "तिमी" अर्थात् लोक (कविलाई "पागल" भन्ने-ठान्ने उनका साथी-सँगाती, इष्ट, मित्र, बन्धु-बान्धव आदि-आदि) रहेको छ । यी दुई थरीका दृष्टिमा पाइने जुन वैपरीत्य वा विपरीतता छ त्यसैको द्वन्द्वसित पागलपनको मूल सवाल केन्द्रित छ - "को पागल ? म पागल कि तिमी पागल ?" "तिमी" अर्थात् लोकका दृष्टिमा "म" अर्थात् कवि पागल हुन भने "म" अर्थात् कविका दृष्टिमा "तिमी" अर्थात् लोक पागल । वैपरीत्यमूलक यही दृष्टिद्वन्द्वको केन्द्रीय भूमिकामा संरचित प्रस्तुत कवितामा लोकको पक्ष पूर्वपक्षका रूपमा प्रस्तुत छ र त्यो प्रस्तुति कविले आफ्ना कोणबाट गरेका छन् भने सिद्धान्तपक्षचाहिं "म" वा कविको छ; अर्को शब्दमा, लोकतर्फ प्रहार गरिएको वैपरीत्यमूलक व्यंग्यद्वारा कविकथनको व्यत्यय वा व्यतिक्रम (अर्थात् "जरूर साथी ! म पागल ! भन्ने कवि-भनाइको ठीक उल्टो कुरा) नै यहाँ केन्द्रीय कथ्यका रूपमा प्रतिपादित बनेको छ । यस प्रकार कवि स्वयं आफ्नो न्यायाधीश बनेको प्रस्तुत कवितामा उपर्युक्त द्वन्द्वको वस्तुताभन्दा कविको आत्मपरकता ज्यादा देखिन्छ र यो उनको स्वच्छन्दतावादी प्रवृत्तिअनुरूप नै छ तर सम्पूर्ण अभिव्यक्ति व्यंग्य-विद्रोही चेत नै यहाँ सर्वाधिक प्रबल बनेको छ ।

"साथी" अर्थात् लोकलाई सम्बोधन गर्दै लेखिएको दुई पंक्तिको पहिलो पंक्तिगुच्छामा कवि पागलपनको आरोप सकारे जस्तो गरी उक्त आरोप लगाउने लोकप्रति गुलाबी व्यंग्यको छनक दिन्छन् भने इन्द्रिय-व्यत्ययको प्रविधि तथा समान असमापिका क्रियाहरूको भूमिका अँगाल्ने दोस्रो पंक्तिगुच्छामा उनीआफू अर्थात् "म" लाई अग्रभूमिमा र लोक वा "तिमी" लाई पश्चभूमिमा राखी आफ्नो र लोकका बीचको व्यत्यय वा वैपरीतयमूलक दृष्टिद्वन्द्वको उपस्थान गर्दै आफ्नो दृष्टि सूक्ष्म, गम्भीर एवं संवेदनशील र लोककोचाहिं नितान्त स्थूल एवं सतही रहेको तथा कल्पनाको तीव्रता लोकसँग नभएको ध्वनित गर्छन् । यस्तै, गणितचेत र सामान्य-असामान्य मनोविज्ञानका सन्दर्भहरू अँगाल्ने तेस्रो पंक्तिगुच्छामा उनी "तिमी" अर्थात् लोकलाई अग्रभूमिका र "म" अर्थात् आफूलाई पश्चभूमिकामा राखी पाँच इन्द्रियले मात्र काम गर्ने लोकको दृष्टि नितान्त बहिर्मुखी एवं वस्तुपरक र आफ्नोचाहिं छैठौं इन्द्रिय (सिक्स्थ सेन्स) मा आधारित अन्तर्मुखी रहेको व्यञ्जना गर्छन् भने विद्रोही र प्रजातान्त्रिक

चेत अँगाल्ने चौथो पंक्तिगुच्छामा उनले "तिमी" वा लोकलाई केन्द्र बनाएर आफूलाई त्यसैको समानान्तरमा उभ्याई आफ्नो वैयक्तिक जीवनका सन्दर्भहरू उप्काउँदै तथा लोकलाई व्यतिक्रम र वैपरीत्यमूलक गम्भीर एवं तीक्ष्ण व्यंग्य प्रहार गर्दै र मूर्ख साबित गर्दै जीवनका शाश्वत सवालहरूसम्म आफ्नो दृष्टि प्रक्षेपित गरेका छन् अनि युगचेतनाको नशा चलेको बेलाको उद्गार अँगाल्ने पाँचौ पंक्तिगुच्छामा उनी आफू नै अग्रभूमिमा बसेर "साथी" शब्दद्वारा सम्बोधित लोकलाई पश्चभूमिका राखी उपर्युक्त व्यतिक्रम र बैपरीत्यमूलक व्यंग्यलाई प्रखरता र उत्कर्ष प्रदान गर्दै पागलको अभिनयमा हिन्दी गीत गुनगुनाउन पुग्छन् भने नवीन एवं पुराकथात्मक बिम्बमय पदावलीहरूले महत्त्वपूर्ण भूमिका खेलेको अपेक्षाकृत सबैभन्दा लामो छैठौं वा अन्तिम पंक्ति गुच्छामाचाहिं उनी पाँचौं पंक्तिगुच्छामा जस्तै स्वयं अग्रभूमिमा उभिएर युगीन विकृतिप्रति असन्तोष र व्यंग्य अनि जनपक्षीयता र विद्रोहशीलता तथा प्रतिक्रियावादी प्रवृत्तिलाई उच्चतर कलात्मक अभिव्यक्ति प्रदान गर्दै र अझ तीभन्दा पर जीवनका शाश्वत अन्तर्द्वन्द्वहरूको किनारसम्म पुग्दै कविताको अन्तमा आफ्नो पागलपनको परिचय यसरी दिन्छन्:

"जरूर साथी । म सुन्दर चकोर
असुन्दर-फोर-कोमल क्रूर-
चिडिया स्वर्गाग्नि चोर-
तुफान-पुत्र, पागल ज्वालामुखीको उद्गार,
भयंकर व्यक्तित्व-पाल ।
जरूर साथी ! सन्के मगज छु ! सन्के !
यस्तै छ मेरो हाल !"

"पागल", प्रगति, १:३, पृ.५ ।

उपर्युक्त पंक्तिमै पनि कविको सौन्दर्यमूलक व्यंग्य-विद्रोही चेत तथा प्रमिथसेली व्यक्तित्व (क्रान्तिकारी-प्रगतिवादी मानवतावाद) प्रकटिएको स्पष्टै छ ।

यसरी हेर्दा प्रस्तुत कवितटामा कवि वैयक्तिकताबाट थाल्दै र युगीनताका जल्दा-बल्दा सवालहरू हुँदै तीभन्दा झ पर जीवनका शाश्वत सत्यका द्वन्द्वात्मकताको स्वपक्षमूलक कलात्मक अभिव्यञ्जनाको किनारसम्म पुग्न सफ लबनेको पाइन्छ र यो उनको संवेदनशील कल्पनाशक्ति र जीवन-चैतन्यको उत्कर्षको सूचक हो ।

वास्तवमा देवकोटा पद-पदावली, लय-अन्तर्लय, भाषा-शैली, शिल्प-प्रविधि, परिवेशचेत, भावको सूक्ष्मता र विलक्षणता, वेधकता र व्यंङ्ग्यात्मकता, सांकेतिकता र ध्वन्यात्मकता तथा चिन्तनको सामयिक र शाश्वत धरातलको सह-अस्तित्व आदिको वैशिष्ट्यमा आधारित उच्चतर कवित्वको शिखरतर्फ गद्यकविताका माध्यमबाट चढ्न यसै कवितामा पहिलो पल्ट सफल भएकाले नै शायद बालकृष्ण समले उनलाई मुनामदन ( लोकलय) र शाकुन्तल (वर्णमात्रिक लय) पछि तेस्रो पल्ट "पागल" (गद्यकविता) बाट जन्मे भनेका हुन्[३७] सम्भवत: समका दृष्टिमा यो देवकोटाको प्रथम सफल र महिमामय गद्यकविता हो । तर प्रस्तुत कवितामा कविलाई उनका प्रखरतर प्रवाहमय व्यंग्य-विद्रोही चेतले कम शिष्टता मात्र प्रदान गरेको कुरा माथि उल्लेख भइसकेको छ भने कवि स्वयंले यसलाई आंशिक संशोधन-परिमार्जनसहित २०१३ सालमा गएर इन्द्रनी १:७ मा पुन: प्रकाशित गरेको पाइएबाट यसमा अझै परिष्कार शेष

३७. जस्तै:

**"महाकवि देवकोटा तीन चोटि जन्मेः 'मुनामदन' सित, 'शाकुन्तल'सित अनि 'पागल'सित; तर एकचोटि पनि मरेनन्, उनी नेपाल साहित्यसित सदैव जीवित रहने छन् ।"**

बालकृष्ण सम, "सरस्वतीप्रसाद देवकोटा", भानु (देवकोटा विशेषांक), ५:१२ (२०२५ फागुन), पृ. १०१ ।

रहेको[३८] पनि छर्लगिन्छ । प्रस्तुत कविता गुणस्तरका दृष्टिले देवकोटाको उच्चतम कविता बन्न नसकी उच्चतर स्तरमा मात्र रहनका पनि कारण यिनै हुन् ।

r s

## माटो

- शकुन्तला जोशी

यतिबेला म
माटोमाथि उभिएर
माटोलाई सोधिरहेछु
पसिनाबिनाको माटो
अलिनो हुन्छ कि हुँदैन ?

हो, माटो अलिनो हुल्छ
जबसम्म पसिना पोखिन्न माटोमाथि
तबसम्म माटो बगर हुन्छ
जबसम्म रचना रोपिन्न माटोमाथि
तबसम्म माटो शृङ्गारविहीन हुन्छ ।
आमाको छाती हो माटो
जीवनको साथी हो माटो ।
माटोमाथि-
आस्थाको व्याड राखिनुपर्छ
विश्वासका अंकुरहरू टुसाउनुपर्छ
माटो फुलेर आफैं
जीवन मग मगाउनुपर्छ ।
तर
म देखिरहेछु
माटो बेचेर सपना किन्ने मान्छेहरू
बुद्ध मारेर शान्ति खोज्ने मान्छेहरू
ओ मान्छे !
माटो भूगोल हो
सिमाना मेटेर कसरी बाँच्न सक्छौ स्वाभिमान ?
माटो बिर्सेर कसरी थाल्न सक्छौ
परिवर्तनका अभियान ?

नयाँ यात्राका लागि
खनिने बाटाहरू माटोमाथि हुन्छन्
उन्नत नेपालका लागि थालिने जगहरू माटामै
हुन्छन्
त्यसैले
छाती चिरेर चपरी चपरीमा
बाँडिनु हुन्न माटो
मन फाटेर टुक्रा टुक्रामा
भाँडिनु हुन्न माटो
माटो जीवनको गीत हो
माटो आस्थाको जीत हो ॥

*(२०५९-३-१७ मा साहित्य संसारबाट प्रसारित)*

---

३८. यस सनदर्भमा निम्नोद्धृत पंक्ति पठनीय छन्:

**'पागल'** कविता २०१० ('प्रगति' १:३) मा नै प्रकाशित भइसकेको थियो तापनि यसमा ('इन्द्रेनी' १:७ मा) पनि यो केही संशोधित र परिमार्जित रूपमा देखापऱ्यो । .... दोस्रो पाण्डुलिपिमा पनि यो कविता केही भिन्नताका साथ देखापर्छ । नमूनाका लागि तीनै पाठका अंश प्रस्तुत छन्:

म चालीस दिन रूँदा
मलाई छँटाएको भने (प्रगति १:३)
x x x
म चालिस दिन रूँदा
मेरो आत्माले बुद्धलार्य छुँदा
मलाई छँटाएको भने (दोस्रो पाण्डुलिपिमा
x x x
म तीन दिन रूँदा
मेरो आत्मालाई बुद्धले छुँदा
मलाई छँटाएको भने (इन्द्रेनी १:७)

-चूडढामणि बन्धु, पूर्ववत्, पृ. ४२९ ।

# 'देवकोटाको १०० वर्ष'-रेडियो कार्यक्रम

*-नवराज लम्साल**

## १. विषय प्रवेश :

रेडियो नेपाल भाषा, साहित्य, कला, संस्कृति ज्ञान, सूचना, मनोरञ्जन, समाचार, विचार तथा प्रविधिका विविध विधा र बान्कीका बीच सक्रिय यात्रामा निरन्तर हिँडिरहेछ । ६ दशक लामो यात्रा, यात्राको कठिनता, आरोह अवरोह, राजनीति र गैर राजनीति एवं महान् परिवर्तनहरु ! रेडियो नेपाल र यसलाई हेर्ने अनेकौं आँखी झ्याल हुनसक्छन् । दृष्टि आफ्नोआफ्नो, तर्क आफ्नो-आफ्नो, सबैलाई सबै प्रकारले हेर्ने हक छ । रेडियो नेपालले नेपाली सामाजिकताको स्वरुप परिवर्तनका लागि जे गऱ्यो, गर्न सक्यो- इतिहासले समीक्षा गर्ला तर साहित्य र संस्कृतिको पाटोबाट हेर्दा निकै उल्लेखनीय र सार्थक कामहरू भएका छन् । हुनुपर्ने छुटे होलान् तर भएका कार्यहरू सायद गौरव गर्न लायक छन् । पछिल्लो दशक "मधुवन" कार्यक्रमका नाममा युवा लेखकहरू संगठित भएको र त्यही संगठित आधार टेकेर गरिएका सार्थक साहित्यको प्रचार-प्रसारले पनि हामी हौसिएका छौं । यस वर्ष देवकोटाको जन्म शताब्दी ! देवकेटा अर्थात् महाकवि लक्ष्मीप्रसाद देवकोटा । उहाँको जन्म शताब्दीमा रेडियो नेपालले उहाँप्रति श्रद्धा समर्पण गर्नका खातिर प्रत्येक बुधवार बिहान ७:४० बजे १५ मिनेटको साप्ताहिक कार्यक्रम प्रसारण आरम्भ गऱ्यो । पहिले त यस प्रकारको कार्यक्रम गर्ने नगर्ने छलफलमा ५२ श्रृंखला (पुरै एक वर्ष) फरकफरक कोणबाट देवकोटामाथि बहस गर्न सकिने मेरो दावीलाई कार्यक्रम महाशाखाको स्वीकृतिले बल पुऱ्यायो अनि शुरू भयो रेडियो कार्यक्रम **देवकोटाको सयवर्ष** । यो सामग्री छापिंदा प्रसारणका ६ महिना बितिसकेको छ, र बाँकी ६ महिनाको तयारीमा हामी कार्यरत छौं ।

## २. को हुन् देवकोटा ?

- देवकोटा विराट् प्रतिभा-क्षमता, महान् आत्मा र अग्रगामी सोचका सर्वाधिक शिखर पुरुष हुन् ।
- विचार, राजनीति, दर्शन, लेखन, विचार बोध र विश्वजनीन सत्यका अन्वेषक, उपासक ।
- काव्यको सर्वोच्च विधा-महाकाव्य, शाकुन्तलजस्तो प्रथम आधुनिक मौलिक महाकाव्यका रचयिता ।
- संस्कृत, अंग्रेजी, नेपाली लगायत अन्य भाषाका बहुमुखी ज्ञाता ।
- नेपाली साहित्य र नेपाली जातिलाई विश्वस्तर मा पुऱ्याउनु पर्ने अठोटका साथ लागेका महान् व्यक्तित्व ।
- ग्रिसको मिथकमा **प्रमिथस, मायाविनी सर्सी**, पौरस्त्य कथामा शाकुन्तल लगायतका

---

* लेखक: रेडियो नेपालका मुख्य कार्यक्रम अधिकृत हुनुहुन्छ ।

काव्य, अन्तर्राष्ट्रिय व्यक्तित्वका विषयमा **वापु एण्ड अदर सनेट्स**, साम्राज्यवादको विरोधमा **महाराणा प्रताप** जस्ता कृतिका रचयिता

- ☛ अंग्रेजी भाषाका निबन्धहरू एवं शेक्सपियर को मकवेथ सम्मका अनुवादक ।
- ☛ अंग्रेजी भाषामै विश्वस्ताको सनेट लेख्ने र आफ्नै शाकुन्तलको अंग्रेजी अनुवाद गर्ने स्रस्टा र अनुवादक ।
- ☛ अफ्रो एशियाली लेखक सम्मेलनमन रूसमा पुगेर दिएको एउटा भाषणकै कारण रूसी साहित्यमा प्रभाव जमाउने व्यक्तित्व । जङ्गव चौहानजस्ता विद्वान्का खोजमा रूसी साहित्यकारहरूका बीचमा समेत देवकोटाको गौरवमय उपस्थिति ।
- ☛ वापु एण्ड अदर सनेट्स, महाराण प्रताप जस्ता कृतिबाट भारतीय प्रभाव, मुनामदनमा तिव्वत (चीनको) प्रभाव, प्रमिथसमा ग्रीकको प्रभाव लगायतले नेपाली चिन्तनको घेरा विश्वस्तरमा भएको दावी गर्ने काव्यकार ।
- ☛ राहुल सांकृत्यायनका आँखामा भारतका प्रसाद, पन्त र निरालाका लेखन-गुण एकै ठाउँमा भएका त्रिकोणात्मक व्यक्तित्व ।
- ☛ डा. इन्द्रविलाश अधिकारी जस्ता विद्वान्का खोज र अन्वेषणमा पश्चिमा कविहरुसंग तुलना गर्न लायक प्रतिभाशाली कवि ।
- ☛ नेपाली निबन्धका शिखर पुरूष ।
- ☛ कथा,उपन्यास र नाटकमा समेत सशक्त कलम चलाउने प्रतिभा ।
- ☛ जे सोच्ने त्यही लेख्ने, जे लेख्ने त्यही बोल्ने, जे बोल्ने त्यही व्यवहार गर्ने एउटा असल मान्छे ।
- ☛ नेपाली जाति, भाषा सभ्यताको उच्च गायक अनि नेपाली सभ्यता संसारको कुनै पनि मानव सभ्यताभन्दा कम नभएको दावी गर्ने नायक पनि ।
- ☛ २००७ सालको परिवर्तनका वाहक, परिवर्तनकै लागि स्वनिर्वासन, निर्वासनका दु:खहरूलाई टेकेर त्यहीँबाट मानवीय मूल्यको उद्घोष गर्ने मानवतावादी ।
- ☛ झ्याउरे छन्द, ग्रामीण परिवेश, शोषणमा रहेका जनता र तिनका मुक्तिका निम्ति संर्घषरत योद्धा ।
- ☛ जाति प्रथा, छुवाछुत, भेदभाव र सामाजिक संकीर्णता विरूद्ध बलियो उपस्थिति जनाउने कवि ।
- ☛ पूर्वीय छन्द, गद्य लेखन, पश्चिमा सनेट र नेपाली झयाउरे लयका बीच सामन्जस्य स्थापना गर्ने कवि ।
- ☛ लोभ, लालच, घमण्ड, स्वार्थ र सकीर्णताभन्दा माथि उठेर निरन्तर नेपाली जाति, सभ्यता र साहित्यलाई विश्वस्तरमा पुर्‍याउन सक्रिय नेपाली आमाको महान् छोरा ।
- ☛ आजको स्वतन्त्र र उन्मुक्त लोकतान्त्रिक वातावरणका लागि ५० वर्ष अघि नै उद्घोषण गर्न सक्ने लोकतान्त्रिक सोचका गम्भीर व्यक्तित्व ।
- ☛ पूर्व शिक्षा मन्त्री तथा भविष्य प्रवक्ता ।

**"के हो ठूलो जगतमा? पसिना विवेक**
**उद्देश्य के लिनु? उँडी छुनु चन्द्र एक ।**

यी केही निष्कर्ष हुन् देवकोटालाई चिनाउने, यी बाहेक देवकोटामाथि नै विद्यावारिधि गर्ने दर्जनभन्दा बढी व्यक्तित्वहरूका शोध ग्रन्थहरू

साक्षी छन् । अझै उनका सयौं विषय सन्दर्भहरू विद्यावारिधिका लागि पर्खिरहेका छन् ।

## ३. के-के प्रसारण भए त ६ महिनामा ?

- देवकोटाको परिचय
- देवकोटाकालीन अग्रज स्रष्टाको विचारमा देवकोटा
- देवकोटाको वनारस काल
- उनका विधागत लेखन प्रवृत्ति
- मा.वि.तथा विश्वविद्यालय स्तरको पाठ्यक्रममा देवकोटा
- ग्रीक सभ्यता र प्रमिथस
- माहात्मा गान्धी र वायु एण्ड अदर सनेट्स
- अफ्रो एशियाली लेखक सम्मेलनमा उनको भाषण र आजको नेपाली साहित्यको अवस्था ।
- शाकुन्तलमा देवकोटा
- निवन्धमा देवकोटा
- वर्तमान स्रष्टाहरूको मूल्याङ्कनमा देवकोटा
- के के गरिदै छन् शतवार्षिकीभरि- रिपोर्टहरु
- देवकोटाका विषयमा भएगरेका साहित्यिक कार्यक्रमहरुको विवरण ।
- अन्य सान्दर्भिक विषयहरु ।

## ४. अन्त्यमा

यो कार्यक्रम पूरा एक वर्ष - आगामी लक्ष्मीपूजाको दिनसम्म प्रसारण हुनेछ । यस बीचमा केही महत्त्वपूर्ण विषयहरु प्रसारणको सूचिमा छन् । हाम्रो कोशिश देवकोटाका विषयमा अध्ययन-भोक जगाउनु हो । १५ मिनेटको रेडियो कार्यक्रमबाटै सबैलाई देवकोटा विज्ञ बनाउने दावी कसैको हुन्न र छैन पनि । प्रत्येक शृङ्खलाबाट देवकोटा पढ्ने भोक जगाउन सकियो भने रेडियो नेपाल आफूलाई धन्य सम्झनेछ । प्रसारण यात्रामा संलग्न रहिदिनु हुने समस्त विद्वान्हरूलाई रेडियो नेपालको तर्फबाट साधुवाद ! साहित्यको प्रचारप्रसारमा यो पनि एउटा कोशेढुङ्गा हुनेछ । विद्वान्हरुलाई विद्वत्ताको पारिश्रमिक/मूल्य दिन नसके पनि प्रचारप्रसार र सम्मानकै बाटोबाट भए पनि हाम्रो हार्दिक नमन छ । आगामी दिनमा पनि विद्वान्हरुबाट यसै प्रकारको सहयोग पर्खिरहनेछौं र स्रष्टाहरुको सम्मानमा समर्पित रहने छौँ ।

## आधुनिक गीत

मेरो पनि छैन दाजै, भन्नै पर्ने खासै कुरा
हुन्न रै'छ अभागीले सोचेजति सबै पूरा ॥
निधारबाट मोती झर्दा, कहिल्यै झोली भरिएन
कति गरेँ वारिपारि लेखा-जोखा गरिएन ॥
भुमरीमा बास पर्छ सपनीले जून छुँदा
छातीभरि भेल बग्छ, किनारमा एक्लै रूँदा ॥

घाट कुर्दै बैंस बित्यो, अझै पनि छैन घरबार
आफ्नै जालमा पर्दोरै'छ, हाँसखेल गर्ने सबै रहर ॥
ढल्पलाउँदै बग्छ जीवन, पानीमाथि पातसरि
अस्ताउँदैछु दिनदिनै, गोधूलीको घामसरि ॥


-रचनाकार

**रचनाः- अमरध्वज लामा**
**सङ्गीतः पारस मुकारूङ**
**स्वरः अशोक मुकारूङ**

# शतवार्षिकी शब्द श्रद्धाञ्जलि*

*-बाबुराम तिमल्सिना**
***वरिष्ठ भाषा विशेषज्ञ, नेपाल टेलिभिजन***

आयो स्वर्णिम साँझ झलमल भई उल्लास आकाशमा
फाट्यो बादल शैलदेखि दुनिया संसार निःस्वार्थमा
तिम्रो शैशवबाट आज युगले टेकयो शताब्दी पनि
हामी छौँ कृतकृत्य 'लक्ष्मी' कविता पाएर सञ्जीवनी ।

(१)

पन्छी आज तँ गाइदे सरसको गाना नयाँ तालमा
डाँफे आज तँ नाचिदे घुमि-घुमी डाँडा र भन्ज्याङमा
हावा सातसमुद्र पार लगिदे सम्पूर्णका कानमा
तिम्रै वैभवले सुसज्जित सदा नेपाल मैदानमा ।

(२)

नेपाली जनभावनासँग तिमी ह्युँका ककेरा पुगी
भोगी स्वप्न अनन्त सुख सपना काव्यार्थमा नै झुकी
वर्षा गृष्म हवोस् कुनै समय भो, भन्दैन प्रशान्तले
यो आफ्नो गरिमा उपाशक सधैँ पाएछ नेपालले ।

(३)

उच्चा यो हिमशैलबाट छहरा बग्छन् जसोरी यहाँ
लक्ष्मी शाश्वत कीर्तिको छ महिमा नेपाल साहित्यमा
तीखो व्यङ्ग्य समाजका व्यथितिको तिर्नै छ तिम्रो ऋण
सम्झी गर्दछु हातमा सुमनली शब्दाञ्जली अर्पण ॥

(४)

* कवि: नेपाल टेलिभिजनका वरिष्ठ भाष ाविशेषज्ञ हुनुहुन्छ ।
* "देवकोटाका १०० वर्ष" रेडियो कार्यक्रममा २०६५ चैत १२ गते प्रसारित